# प्रभाव दैनिक
National Daily

वर्ष ९ | अंक १५० | काठमाडौं | बुधबार, ५ असोज २०७९ | Prabhab National Daily, | Wednesday, September 21, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-



**विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔँ**

- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा विज्ञापनदाताको नाम, ठेगाना र आधिकारिकता सुनिश्चित गरौँ ।
- अनधिकृत विज्ञापन प्रकाशन तथा प्रसारण नगरौँ ।
- विज्ञापन प्राप्त गर्न अनुचित दबाब र प्रभाव नपारौँ ।
- निर्धारित समय र स्थानमै विज्ञापन प्रकाशन तथा प्रसारण गरौँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


### राष्ट्रपतिबाट संविधान उल्लंघन

## प्रमाणीकरण गरिनन् नागरिकता विधेयक



**काठमाडौं (प्रस)**– राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसद्बाट पारित भएको नागरिकता विधेयक प्रमाणीकरण नगरी संविधानको उल्लंघन गरेकी छन् । यसअघि पुनर्विचारका लागि फिर्ता पठाएको विधेयक संसद्का दुवै सदन प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट पारित भई पुनः प्रमाणीकरणका लागि पेस गरिएको थियो ।

भदौ २० मा प्रमाणीकरणका लागि पेस भएको उक्त विधेयक १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्थाको राष्ट्रपतिले उल्लंघन गरेकी हुन् । राष्ट्रपतिले मंगलबार राति १२ बजेभित्र उक्त विधेयक प्रमाणीकरण गर्नुपर्नेमा नगरेकी हुन् ।

यसअघि पेस भएको विधेयक सन्देशसहित फिर्ता पठाएकोमा संसद्बाट हुबहु पारित भएर आएकोप्रति राष्ट्रपति भण्डारी असन्तुष्ट थिइन् । तर, दोस्रोपटक पेस भएको विधेयक फिर्ता गर्ने वा प्रमाणीकरण नगर्ने अधिकार राष्ट्रपतिलाई संविधानले दिएको छैन । राष्ट्रपतिको उक्त कदमले फेरि नेपाली राजनीतिलाई संकटतर्फ धकेलेको जानकारहरु बताउँछन् ।

सत्तारुढ दलका नेताहरुले राष्ट्रपतिको कदम असंवैधानिक भएको टिप्पणी गरेका छन् । उनीहरुले राष्ट्रपतिले गम्भीर गल्ती गरेको बताए । कानुन व्यवसायीहरुले पनि राष्ट्रपतिको कदम गलत भएको प्रतिक्रिया दिएका छन् ।

नेपालको संविधानमा राष्ट्रपतिले संसद्बाट प्रमाणीकरणका लागि आएको विधेयक एक पटकमात्र फिर्ता गर्न पाउने व्यवस्था छ । त्यसअनुसार दोस्रोपटक पेस भएको विधेयक राष्ट्रपतिले प्रमाणीकरण गर्नैपर्ने बाध्यता थियो ।

राष्ट्रपति भडारीले आफ्नो सन्देशमा वैवाहिक अंगीकृत, प्रादेशिक पहिचान, महिलाको आत्मसम्मानलगायत विषय उल्लेख गर्दै नागरिकता विधेयकलाई पुनर्विचार गर्न भनेकी थिइन् । उनले नागरिकता कानुन बनाउँदा ऐतिहासिक पक्षहरुको समग्र अध्ययन गर्न आवश्यक रहेको र नागरिकताका सिद्धान्तहरूको खोजी हुनुपर्ने सन्देशमा उल्लेख गरेकी थिइन् ।

त्यस्तै, वैवाहिक अंगीकृत नागरिकताको विषयलाई स्थायीरूपमा समाधान गर्नुपर्ने, प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले तयार पारेको नागरिकता विधेयकको प्रतिवेदनमा पनि ध्यान जानुपर्ने राष्ट्रपतिको भनाइ थियो ।

त्यस्तै, राष्ट्रपति भण्डारीले आमाको नामबाट प्राप्त हुने नागरिकतामा बाबु नभएकोबारे आमाले स्वघोषणा गर्ने प्रस्ताव विधेयकमा रहेकोबारे पुनर्विचार हुनुपर्ने उल्लेख गरेकी थिइन् । मुलुक संघीयतामा गएको अवस्थामा नागरिकतामा प्रादेशिक पहिचान पनि स्पष्ट हुनुपर्ने राष्ट्रपतिको भनाइ थियो ।

### समानुपातिक उम्मेदवारको बन्दसूची

# प्रतिनिधिसभाका लागि ४८ दलको सूची

### सातवटा प्रदेशमध्ये बागमतीमा सबैभन्दा बढी ४० दल र सबैभन्दा कम कर्णालीमा २८ दलको बन्दसूची दर्ता

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी मंसिर ४ गते हुने निर्वाचनका लागि समानुपातिकतर्फ उम्मेदवारको बन्दसूची बुझाउने कार्य सकिएको छ । निर्वाचन आयोगले मंगलबार बिहान करिब ५ बजे बन्दसूची दर्ता गर्ने कार्य सम्पन्न गरेको हो ।


आयोगले यही असोज २ र ३ गते (आइतबार र सोमबार) समानुपातिकतर्फ उम्मेदवारको बन्दसूची पेस गर्ने समय तोकेको भए पनि दलहरूले अन्तिम समयमा सूची बुझाएका कारण रुजु गरी दर्ता प्रक्रिया टुंग्याउन ढिलाइ भएको जनाएको छ ।

आयोगले सार्वजनिक गरेको विवरणअनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ४८ दलले समानुपातिक उम्मेदवारको बन्दसूची बुझाएका छन् । प्रतिनिधिसभाका लागि कूल ६८ दलले निवेदन दिएको भए पनि ४८ वटा दलले मात्र बन्दसूची बुझाएका हुन् । प्रतिनिधिसभामा समानुपातिकतर्फ कूल ११० सिट रहेको छ ।

सत्तारुढ दल नेपाली कांग्रेस, माओवादी केन्द्रलगायत दलले सोमबार अन्तिम समयमा बन्दसूची बुझाएका थिए । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सोमबार दिउँसो बन्दसूची पेस गरेको थियो । आयोगले तोकेको पहिलो दिन आइतबार भने केही दलले मात्र सूची बुझाएका थिए । प्रमुख दलहरूले सोमबार मात्र सूची बुझाएका हुन् ।

प्रमुख दलहरूले शीर्ष नेताहरूलाई समेत समानुपातिक उम्मेदवारको सूचीमा राखेका छन् । नेपाली कांग्रेसले प्रधानमन्त्री शेरबहादुर देउवापत्नी आरजु राना देउवा, प्रवक्ता प्रकाशशरण महत, पूर्वसहमहामन्त्री अर्जुननरसिंह केसी, नेता विमलेन्द्र निधि, गोपालमान श्रेष्ठ, फरमुल्लाह मन्सुर, आनन्दप्रसाद ढुंगाना, जीवन परियारलगायतलाई समानुपातिकमा राखेको छ ।

एमालेले स्थायी कमिटी सदस्य रघुजी पन्त, गोरखबहादुर बोगटी, लिलबहादुर थापा, ईश्वरी रिजाल विश्वकर्मासहितका नेताहरूलाई समानुपातिकको बन्दसूचीमा राखेको छ । महिलातर्फ नैनकला थापा, उमा कोइराला, सुनिता बराल, क्रान्ति बुर्लाकोटी, भक्तकुमारी लामा, मेनुका पछाईसहितका नेताहरू रहेको एमालेका एक नेताले बताए ।




माओवादीका उपाध्यक्ष एवं पूर्वसभामुख कृष्णबहादुर महरा पनि समानुपातिकतर्फ उम्मेदवारको सूचीमा अटाएका छन् । बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीका पाँच जना नेतालाई पनि माओवादीको तर्फबाट प्रतिनिधिसभामा समानुपातिकको बन्दसूचीमा राखिएको छ । माओवादीको चुनाव चिह्नबाट प्रत्यक्ष चुनाव लड्ने तय भइसकेका भट्टराईको सिफारिसमा गंगानारायण श्रेष्ठसहित पाँच जनाको नाम समानुपातिकमा परेको बताइएको छ ।

यस्तै, नेकपा एकीकृत समाजवादीले पार्टीका उपाध्यक्ष प्रमेश हमालसहितका नेताहरूलाई समानुपातिकमा राखेको छ । उपमहासचिव गंगालाल तुलाधर, सचिव नागेन्द्रकुमार चौधरी, स्थायी कमिटी सदस्य सावित्राकुमारी भुसाल, स्थायी कमिटी सदस्य रामचन्द्र यादव, श्रीप्रसाद साह, स्थायी कमिटी सदस्य भविश्वर पराजुली, केन्द्रीय लेखा आयोग अध्यक्ष भरतकुमार श्रेष्ठ र पोलिटब्युरो सदस्य दीलकुमारी पन्त पनि समानुपातिक सूचीमा परेका छन् ।

**बागमतीमा सबैभन्दा धेरै दलको सूची**

यसैगरी सातवटै प्रदेशमा पनि दलहरूले समानुपातिकतर्फ उम्मेदवारको बन्दसूची पेस गरेका छन् । सातवटा प्रदेशमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी ४० दलले बन्दसूची पेस गरेका छन् । उक्त प्रदेशमा कूल ५८ दलले निवेदन दिएका थिए । बागमतीमा समानुपातिकतर्फ कूल ४४ सिट रहेको छ ।

यस्तै प्रदेश १ र मधेस प्रदेशमा समान ३६/३६ दलले समानुपातिक उम्मेदवारको बन्दसूची पेस गरेका छन् । समानुपातिकतर्फ कूल ३७ सिट रहेको प्रदेश १ मा ५५ दलले निवेदन दिएका थिए । मधेस प्रदेशमा कूल ४३ सिट रहेको छ । (**बाँकी पृष्ठ ३ मा**)

### यी हुन् प्रतिनिधिसभा सदस्यका लागि बन्दसूची दर्ता गर्ने दल

प्रतिनिधिसभा सदस्यका लागि समानुपातिक उम्मेदवारको बन्दसूची बुझाउनेमा नेपाल समावेशी पार्टी, तराई मधेस लोकतान्त्रिक पार्टी, राष्ट्रिय मुक्ति आन्दोलन नेपाल, राष्ट्रिय वाममोर्चा, बहुजन एकता पार्टी, राष्ट्रिय नागरिक पार्टी, मंगोल नेसनल अर्गनाइजेसन, मितेरी पार्टी नेपाल, जनमत पार्टी, नेपालका लागि नेपाली पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, एकीकृत शक्ति नेपाल, नेपाल कम्युनिस्ट पार्टी, नेपाल मजदुर किसान पार्टी, नेपाल मार्क्सवादी (पुष्पलाल), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), नेकपा एमाले, राष्ट्रिय जनमुक्ति पार्टी रहेका छन् ।

यस्तै मौलिक जरोकिलो पार्टी, आमूल परिवर्तन मसिहा पार्टी, नेकपा परिवर्तन, नागरिक उन्मुक्ति पार्टी, नेसनालिस्ट पिपुल्स पार्टी, नेपाली कांग्रेस (बिपी), विवेकशील साझा पार्टी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थारुहट), पुनर्जागरण पार्टी नेपाल, पिछडावर्ग निषाद दलित जनजाति पार्टी, नेपाल जनता पार्टी, नेपाल जामा पार्टी; नेपाल नौलो जनवादी पार्टी; सचेत नेपाली पार्टी; नेपाल सुशासन पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले बन्दसूची पेस गरेका छन् ।

राप्रपा नेपाल, नेकपा (माओवादी केन्द्र), जसपा नेपाल, जनता प्रगतिशील पार्टी नेपाल, नेपाली जनता दल, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेकपा (माओवादी समाजवादी), नेपाल लोकतान्त्रिक पार्टी, हाम्रो नेपाली पार्टी, जनजागरण पार्टी नेपाल, सामाजिक एकता पार्टी; नेकपा समाजवादी; नेपाल दलित पार्टी, जन समाजवादी पार्टी नेपाल, बहुजन शक्ति पार्टी, नेपाल संघीय समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाली कांग्रेस प्रतिनिधिसभा सदस्यका लागि समानुपातिक उम्मेदवारको सूची बुझाउने पार्टी रहेका छन् ।

### सन्दर्भ : वैदेशिक रोजगार

# भदौमा ७६ हजारभन्दा बढीले लिए श्रम स्वीकृति

### ■ मलेसिया जाने संख्या बढी

■ मोहनप्रसाद पन्त

**काठमाडौं**– चालु आर्थिक वर्षको दोस्रो महिना अर्थात् भदौमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या ह्वात्तै बढेको पाइएको छ । यस महिना वैदेशिक रोजगारीमा जानका लागि ७६ हजार ४०३ जनाले श्रम स्वीकृति लिएको तथ्यांक वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको छ । यो संख्या अघिल्लो महिनाको तुलनामा करिब १३ हजारले बढी हो ।

विभागका अनुसार गत साउन महिनामा ६३ हजारले वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका थिए । चालु आवमा एकपछि अर्को महिना रोजगारीका लागि विदेशिने नेपालीको संख्या झण्डै ९ प्रतिशतले बढेको विभागको तथ्यांकमा देखिन्छ । कोरोना महामारीले थला परेको वैदेशिक रोजगारी गत आर्थिक वर्षबाट पुरानै लयमा फर्किएको थियो । यो क्रमले चालु आवको सुरुआतबाटै निरन्तरता पाएको छ ।

चालु आर्थिक वर्ष सुरु भएयता मलेसिया जाने नेपाली कामदारको संख्या पनि उल्लेख्य बढेको छ । कोरोनाका कारण पछिल्ला दुई वर्ष कामदार लैजान रोकेको मलेसियाले आप्रवासी कामदार आपूर्ति गर्न खुल्ला गरेसँगै मलेसिया जान गत साउन महिनामा २४ हजार ४८४ जनाले श्रम स्वीकृति लिएकोमा भदौ महिनामा बढेर ३५ हजार ३७२ पुगेको छ । यतिखेर रोजगारीका लागि अन्य गन्तव्य मुलुकभन्दा मलेसियामा नेपालीको माग र आकर्षण बढ्दो रहेको विभागको तथ्यांकले देखाएको छ ।

मलेसिया जाने कामदारको संख्या साउन महिनाको तुलनामा भदौमा ४४.४६ प्रतिशतले बढेको छ । आगामी दिनमा मलेसिया जाने नेपालीको संख्या अझै बढ्ने विभागका निर्देशक एवं सूचना अधिकारी कृष्णप्रसाद भुसालले बताए । उनका अनुसार मलेसिया मात्र नभई समग्रमा वैदेशिक रोजगारीमा जानेको संख्या आगामी दिनमा अझै बढ्ने देखिन्छ ।




> गत आवमा नेपालीहरूका लागि पाँचौं श्रम गन्तव्य बन्न पुगेको मलेसियामा अहिले दुई महिनामा नै झण्डै ६० हजारले रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । साउन महिनाको तुलनामा भदौमा मलेसिया जानेको संख्या ४४ प्रतिशतले बढेको छ ।

गत आर्थिक वर्षमा ३५ हजारको हाराहारीमा मात्रै मलेसिया जान नेपालीहरूले श्रम स्वीकृति लिएका थिए । गत आवमा नेपालीहरूका लागि पाँचौं श्रम गन्तव्य बन्न पुगेको मलेसियामा अहिले दुई महिनामा नै झण्डै ६० हजारले रोजगारीका लागि श्रम स्वीकृति लिएको विभागको तथ्यांकले देखाउँछ ।

त्यस्तै भदौ महिनामा कतारमा ११ हजार ७७५, संयुक्त अरब इमिरेट्स (युएई)मा आठ हजार ३६५, साउदी अरेबियामा छ हजार ७८४ र कुवेतमा जान पाँच हजार २ ९ जनाले श्रम स्वीकृति लिएको विभागले जनाएको छ । यी पाँच देशले मात्रै कूल श्रम स्वीकृतिको ९० प्रतिशतभन्दा बढी हिस्सा ओगटेको देखिन्छ । त्यस्तै माल्टामा एक हजार ४२१, रोमानियामा ७७३, बहराइनमा ६९७, जापानमा ६३७, क्रोएसियामा ६०४ र ओमानमा ५३२ जनाले रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएका छन् ।

त्यस्तै कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने १८ हजार ७१० जना छन् भने पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ५७ हजार ६९३ रहेको छ । समग्रमा भदौ महिनामा श्रम स्वीकृति लिनेमध्ये सात हजार ५१९ जना महिला रहेको विभागले उल्लेख गरेको छ ।

विभागको तथ्यांकअनुसार जिल्लागतरूपमा मधेसका जिल्लाबाट सबैभन्दा बढी रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । धनुषा, सिरहा, महोत्तरी, सर्लाही, सप्तरीबाट विदेश जानेको संख्या अन्य जिल्लाको भन्दा बढी रहेको छ । झापा, मोरङ, सुनसरी र रूपन्देहीबाट पनि उल्लेख्य मात्रामा नेपालीहरू विदेश गएको विभागले जनाएको छ ।

चालु आर्थिक वर्षको सुरुआती महिनादेखि नै रोजगारीका लागि मलेसिया जाने नेपाली श्रमिकको संख्या बढ्दा म्यानपावर व्यवसायीहरू उत्साहित देखिएका छन् । युक्रेन युद्धका कारण खाडी मुलुकमा कामदारको माग घटेका कारण मलेसियामा जाने नेपालीको संख्यामा वृद्धि भएको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष कुमुद खनालले बताए । तुलनात्मक रूपमा मलेसिया मौसम र पारिश्रमिकको हिसाबले पनि खाडी मुलुकभन्दा राम्रो रहेको उनको भनाइ छ ।

'पछिल्लो समय मलेसिया जाने नेपालीको संख्या बढ्नु हामी व्यवसायीका लागि राम्रो र खुसीकै कुरा हो,' खनालले भने । पछिल्लो समय मलेसिया सरकारले श्रमिकको आधारभूत पारिश्रमिक बढाउने निर्णय गरेसँगै नेपालीहरूका लागि मलेसिया अकर्षक गन्तव्य बनेको खनालले बताए ।




### अमेरिकी राजदूत बेरीले भने

# जहाँ पुगे पनि नेपाललाई बिर्सन सक्दिन

■ रमेश गिरी

**भक्तपुर–** कमलविनायकस्थित सरस्वती विद्यागृहदेखि नजिकै उत्तरतर्फको गल्लीसम्म बाँसको खम्बामा लहरै ठूलाठूला पहेंलो कपडाको झण्डाझैँ देखिने तोरणले सिँगारिएको छ । गल्ली छिर्नेबित्तिकै काठ र दाँची अप्पालगायतका पुराना इँटाले बनेको चारतले ठूलो विशाल भवन देखिन्छ ।

भवनको मूल ढोकाबाट छिर्नेबित्तिकै लहरै बसेका कालीगढ हातमा छिना र हथौडा लिएर ढुंगामा विभिन्न देवीदेवताको मूर्ति कोरिरहेका देखिन्छन् । आँगनका बीचमा पलेटी मारेको बुद्धको मूर्तिसँगै विशालरूपमा उभिएको एक ऋषिको ठूलो मूर्ति, वरपर भित्तामा विभिन्न देवीदेवता, ऋषिमुनि र नेपाली कला तथा संस्कृति झल्कने मूर्ति टपक्क बसेका देखिन्छन् ।

मूल ढोकाबाट भित्र पसेदेखि नै मूर्तिको संग्रहालयमा छिरेजस्तै अनुभूति गराउँछ यहाँको दृश्यले । भवनको प्रत्येक कुनामा विभिन्न देवीदेवताका ढुंगाका आकर्षक मूर्ति छन् । पाँचौं तलासम्म काठको भऱ्याङ उक्लँदै जाँदा कुना र भित्तामा राखिएका ढुंगाका आकर्षक मूर्ति र कोठामा लहरै खोपीमा राखिएको अरु मूर्तिले नेपालको सिंगो सम्पदालाई यहीँ भवनले झल्काइरहेको आभास हुन्छ ।

मूर्ति संग्रहालयझैँ लाग्ने नेपाल भोकेसनल एकेडेमीको यो भवन प्रवेश गरेसँगै दंग परे नेपालका लागि अमेरिकी राजदूत ऱ्याण्डी बेरी । नेपालबाट हराएर अमेरिका पुगेका मूर्ति नेपालमै फिर्ता गर्न र नेपाली सम्पदाको संरक्षणमा महत्त्वपूर्ण सहयोग पुऱ्याएको खुसियालीमा आरपी फाउण्डेसनले आफ्नो सम्मानमा आयोजना गरेको अभिनन्दन कार्यक्रममा सहभागी भएका राजदूत बेरी ढुंगाका आकर्षक मूर्तिकलाको अनुपम नमूना देखेर छक्क पर्दै केहीबेर त्यहाँका दृश्यमै हराए ।

नेपालको सम्पदा संरक्षण एवं चोरिएका मूर्ति नेपाल फिर्ता ल्याउने अभियानका अभियन्ता तथा सम्पदाविद् रवीन्द्र पुरी, अभिनन्दन एवं बिदाइ कार्यक्रममा आउने विदेशी पाहुना, संस्कृतिकर्मी, पुरातत्त्वविद् एवं सहभागी महत्त्वपूर्ण व्यक्तिसमेत त्यहाँको दृश्यले निकै मोहित भए ।



नेपालबाट हराएर अमेरिका पुगेका १७ वटा मूर्ति तथा सम्पदा स्वदेश फर्काउन महत्त्वपूर्ण योगदान गर्ने नेपालका लागि अमेरिकन राजदूत ऱ्याण्डी बेरीलाई लक्ष्मीनारायणको मूर्ति उपहार दिँदै आरपी फाउण्डेसनका अध्यक्ष रवीन्द्र पुरी । *तस्बिरः रासस*

राजदूत बेरीको कार्यकाल पूरा भएर एक सातापछि घर फिर्न फिर्ने क्रममा आयोजित बिदाइ र अभिनन्दन कार्यक्रममा जब आरपी फाउण्डेसन फर कन्जरभेसनका अध्यक्षसमेत रहेका सम्पदाविद् पुरीले रातो कपडाले छोपेर राखेको लक्ष्मीनारायणको ढुंगाको आकर्षक मूर्ति उपहारस्वरूप दिए तब बेरीको खुसीको सीमा नै रहेन । उनले मूर्तिसँगै उभिएर निकै तस्बिर खिचाए ।

पाटनको पट्को टोलस्थित नारायण मन्दिरबाट चोरी भएको लक्ष्मीनारायणको मूर्ति अमेरिकाको डल्लास म्युजियममा फेला परेपछि राजदूत बेरीसहितको विशेष पहलमा एक वर्षअघि घरफिर्ता ल्याएर गत वर्ष सोही मन्दिरमा बेरीसहितको उपस्थितिमा प्रतिस्थापन गरिएपछि निकै चर्चामा आएको थियो । आरपी फाउन्डेसनले निर्माण गरेको त्यही मूर्तिको प्रतिरूप राजदूत बेरीलाई सम्पदाविद् पुरीले उपहार दिएपछि उनी निकै दंग परेका हुन् ।

'हामी पनौतीमा म्युजियम अफ स्टोलन आर्टस् स्थापना गर्दै छौं, त्यसको तयारी करिब पूरा भइसकेको छ । लक्ष्मीनारायण मूर्तिको प्रतिरूप बनाएर पनौतीको निर्माणाधीन 'म्युजियम अफ स्टोलन आर्टस्'मा राख्ने तयारी गरिरहेका छौं,' पुरीले भने, 'पाटनबाट हराएको त्यहीँ मूर्ति राजदूत बेरीसहितको सहयोगमा घरफिर्ता गर्न सफल भएपछि मंगलबार त्यही मूर्तिको प्रतिरूप उहाँलाई उपहार दिन पाउँदा हामी पनि निकै खुसी भएका छौं ।'

सन् ९० को दशकसम्ममा नेपालबाट हराएका सम्पदाको कुनै अत्तोपत्तो नभएका अवस्थामा पुरातत्त्वविद् लैनसिंह वाङ्देलको कृति 'स्टोलन इमेजेज अफ नेपाल' (१९८९) प्रकाशन भएपछि भने नेपालबाट हराएर विदेशमा पुगेका मूर्तिका बारेमा जानकारीसहित चासो बढेको थियो । आरपी फाउन्डेसन फर कन्र्जभेसनले काभ्रेको पनौतीमा सन् २०२३ भित्र सञ्चालनमा ल्याउन लागिएको 'म्युजियम अफ स्टोलन आर्टस्'मा नेपालबाट चोरिएका र वाङ्देलको पुस्तकमा समेटिएका ५० वटा विशिष्ट मूर्तिको प्रतिरूप निर्माण गरेर म्युजियम सञ्चालनमा ल्याउने अन्तिम कार्य भइरहेको सम्पदाविद् पुरीले बताए ।

म्युजियममा राख्नका लागि अहिलेसम्म ४० वटा मूर्तिको प्रतिरूप तयार भइसकेको जानकारी दिँदै उनले अबको एक वर्षमा सञ्चालनमा आउने म्युजियमले नेपालको प्रमुख सम्पदा र मूर्तिकला संरक्षणका साथै यसको महत्त्वलाई विश्वमाझ फैलाउन अझ टेवा पुग्ने जानकारी गराए । आफ्नो देशको सम्पत्ति घरफिर्ता ल्याउन सम्बद्ध मुलुक, कूटनीतिक नियोग, पुरातत्त्वसहितको निकायले राजदूत बेरीजस्तै अनुकरणीय काम गरिदिए नेपालबाट चोरिएका र हराएर विदेश पुगेका नेपाली सम्पदाको घरफिर्तीमा थप टेवा पुग्ने सम्पदाविद् पुरीको भनाइ थियो ।

अमेरिकी राजदूत बेरीले आफू जहाँ पुगे पनि सधैं नेपाललाई आफ्नो मनभित्र राख्ने बताए । उनले भने, 'नेपाली सम्पदाको संरक्षण र सम्वर्द्धनमा अमेरिकी दूतावासमा रहेको एम्बेसेडर फण्ड फर कल्चरल प्रिजर्भेसनले धेरै काम गरेको छ, म संसारको जुनसुकै कुनामा पुगे पनि नेपाल मेरो मनमा रहनेछ ।' नेपालको कला, संस्कृति र सम्पदा सदैव संरक्षण, सम्वर्द्धन भएको आफूले हेर्न चाहेको भन्दै उनले नेपालको मूर्तिकला र यहाँको सम्पदा बिर्सनै नसकिने बताए ।

नेपालबाट हराएर अमेरिकाको विभिन्न सहर एवं संग्रहालयमा पुऱ्याइएका १७ वटा मूर्ति सन् २०२१ मार्चदेखि २०२२ अगस्टसम्म राजदूत बेरीकै सहयोगमा फिर्ता भएका थिए । यसरी फिर्ता भएका मूर्तिमा पाटनस्थित नारायण मन्दिरको लक्ष्मीनारायण, सिटेड गणेश, गोल्ड सिटेड बुद्ध, अप्सरा आकृतिको डुँडाल, इटुबहाल महाविहारको अप्सरा गन्धर्व, यमपी विहारको मुख्य ढोकाको तोरण, काठमाडौं ओमबहालको अक्शोभ्य बुद्ध, पाटन गहिटीको उमामहेश्वर, पशुपति मन्दिरको चतुर्मुखी शिवलिंग, पाटनको औलोकेश्वर ललितपुरकै बुद्ध, नक्सालको नागराज, भक्तपुर गोल्मढीको पार्वती तारा, टेकु नारायण मन्दिरको मूर्ति, कंकेश्वरी मन्दिरको शिव र काठमाडौंको दुर्गा महिसासुरमर्दनी सम्पदा रहेका छन् । *रासस*

# चाडपर्व सुरक्षामा तीन हजार ३४३ प्रहरी परिचालन हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** चाडपर्वको समयमा देशको संघीय राजधानी काठमाडौंको सुरक्षालाई भरपर्दो बनाउनका लागि तीन हजार ३४३ प्रहरी परिचालन गरिने भएको छ । जिल्ला प्रहरी परिसर काठमाडौंले मंगलबारदेखि लागू हुनेगरी चाडपर्व सुरक्षा योजना-२०७९ जारी गर्दै जिल्लाको सुरक्षालाई भरपर्दो बनाउनका लागि तीन हजार ३४३ प्रहरी परिचालन गर्न लागेको जानकारी दिएको हो । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता, प्रहरी उपरीक्षक दिनेशराज मैनालीले चाडपर्वमा हुनसक्ने आपराधिक क्रियाकलापलाई न्यूनीकरण गर्दै सुरक्षाको भरपर्दो वातावरण निर्माण गर्न चाडपर्व सुरक्षा योजना-२०७९ लागू गरिएको जानकारी दिए ।

प्रवक्ता मैनालीले सुरक्षा निकायबीच उच्च समन्वयमार्फत प्रभावकारी तवरले सुरक्षाकर्मी परिचालन गर्ने, घटना घटेको ठाउँमा पाँचदेखि सात मिनेटसम्म पुगी कानुनबमोजिम कारबाही गर्ने, स्रोत र साधनको यथोचित परिचालन गर्ने, अपराधको न्यूनीकरण गर्ने, पीडितलाई न्याय र पीडकलाई सजाय दिलाउने सुरक्षा योजनाको प्रमुख उद्देश्य रहेको बताए ।



अपराध बढी घटेका स्थान र घट्नसक्ने सम्भावित स्थानलगायतमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयसँग समन्वय तथा सहकार्यमा सादा पोसाकमा प्रहरी परिचालन, सूचना संकलन तथा प्रहरी परिचालन गरिने भएको छ । काठमाडौं प्रहरीले जिल्ला प्रहरी परिसर काठमाडौंको फेसबुक पेज, ट्राफिक एफएम तथा सञ्चारका अन्य माध्यमबाट जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, टोलटोलमा माइकिङ गर्नुका साथै पर्चा पम्प्लेट वितरण गर्ने, स्थानीय जनसमुदाय, सुरक्षाविद् तथा पूर्वसुरक्षाकर्मीसँग निरन्तर छलफल तथा अन्तर्क्रिया गरिने भएको छ ।

चाडपर्वको समयमा काठमाडौंको मुख्य-मुख्य चोक, व्यापारिक केन्द्र, आर्थिक कारोबार हुने स्थान, काठमाडौं प्रवेश गर्ने नाकामा सिसिटिभीबाट मनिटरिङ गर्ने, ड्रोनबाट तस्बिर लिई सुरक्षा प्रदान गर्ने, अनुसन्धानमा दक्ष कुकुरको प्रयोग गर्ने, प्रहरी एप्सको प्रयोग गरिने प्रवक्ता मैनालीले बताए ।

यस्तै, काठमाडौंभित्र रहेका १४ प्रहरी वृत्तमा कार्यरत प्रहरीलाई प्रभावकारी परिचालन गरिने, १२ स्थानमा प्रहरी हेल्प डेस्क स्थापना गर्ने, १२ स्थानका टिकट काउण्टरमा प्रहरी खटाउने, २४ स्थानमा मोबाइल गस्ती गर्ने, ९१ स्थानमा पिकेटिङ, प्रहरी निरीक्षकको कमाण्डमा १४ स्थानमा क्युआरटी, २८ स्थानमा नाका सिल, कर्डन एण्ड सर्च, ३५ स्थानमा सामुदायिक प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत पर्चा पम्प्लेट वितरण, ४२ स्थानमा चेक प्वाइन्ट, ३८ स्थानमा सादा पोसाकमा प्रहरी परिचालन गरिनेछ ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७९/०६/०५

यस कम्पनीको मिति २०७९/०५/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **नेपाल क्लोथ हाउस प्रा.लि. (प्रा.लि. नं. १२४६२५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०५/२९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सफल बस्त्रालय प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**बिमालेख हरायो**

मेरो निम्न ब्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बिमालेख मिति २०७९/०५/०५ मा नयाँ बानेश्वरदेखि कोटेश्वर जाँदा हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा नेपाल लाइफको कार्यालयमा बुझाइदिनुहोला ।
नामः **रंजिता घिमिरे (ठकुराठी)**
ठेगाना : **नयाँबानेश्वर-१०, काठमाडौं**
बिमालेख नं.: **१४३०००७७९**
मोबाइल नं.: **९८४१२११८५८**


# याङ्री र लार्केका लागि पाइप बिच्छ्याइँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** मेलम्चीपछि याङ्री र लार्के खोलाको पानी काठमाडौं उपत्यकामा वितरणका लागि ठूला पाइप बिच्छ्याउन थालिएको छ । सुन्दरीजलबाट चाबहिलसम्मको ११ किलोमिटर दूरीमा मेलम्ची आयोजनाको दोस्रो चरणको पानी वितरणका लागि एक हजार ६०० र एक हजार ८०० मिलिमिटर (एमएम) का ठूला पाइप बिच्छ्याउन थालिएको हो ।

दोस्रो चरणमा याङ्री र लार्केको पानी पनि ल्याउने तयारी भएसँगै पानी वितरणका लागि राजधानीमा ठूला पाइप बिच्छ्याउन थालिएको हो । पहिलो चरणमा मेलम्चीको पानी वितरणका लागि सुन्दरीजलबाट चाबहिलसम्म वि.सं. २०६९ मा एक हजार ४०० मिलिमिटरको पाइप बिच्छ्याइएको थियो । यो पाइपबाट दैनिक २२ करोड लिटर पानी पठाउन सकिने काठमाडौं उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालयले जनाएको छ ।

दोस्रो चरणमा एक हजार ६०० र एक हजार ८०० मिलिमिटरका पाइप बिच्छ्याएपछि यसबाट दैनिक २९ करोड लिटर पानी ल्याउन सकिने निर्देशनालयका सूचना अधिकारी चन्द्रकुमार श्रेष्ठ पाँले जानकारी दिएका छन् ।

सुन्दरीजलस्थित मेलम्चीको पानी प्रशोधन केन्द्रबाट साढे दुई किलोमिटर नयाँ पाटीसम्म एक हजार ८०० मिलिमिटरको पाइप बिच्छ्याइने छ । साढे दुई किलोमिटरभन्दा तल चाबहिलसम्म करिब आठ किलोमिटर दूरीमा भने एक हजार ६०० मिलिमिटरको पाइप बिच्छ्याइने छ ।

याङ्री र लार्केको पानी आउनुअघि नै पनि मेलम्चीबाट दैनिक १७ करोड लिटरभन्दा बढी पानी आउने भएपछि ठूलो आकारको पाइप बिच्छ्याइएको उनले सुनाए ।

वर्षाका समयमा एउटा खोलाबाट दैनिक १७ करोड लिटरभन्दा बढी पानी ल्याउन सकिने जनाइएको छ । याङ्री र लार्केको पानी राजधानी ल्याउन तयारी सुरु भएकै बेला निर्देशनालयले भने पाइप बिच्छ्याउन थालिसकेको छ ।


**दर्ता प्रमाण पत्र र विनियम हराएको सम्बन्धी सुचना**

यस गुन्जन बहुउदेश्यीय सहकारी संस्था लिमिटेडको दर्ता प्रमाण पत्र र विनियम हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले संस्थाको कार्यालय वा नजिकैको प्रहरी कार्यालयमा बुझाइदिनु हुन अनुरोध छ । कागजात फेला पारी सोको दुरुपयोग गरेको पाइएमा आवश्यक कानुनी कारवाहीका लागी संस्थाले सम्बन्धित निकायमा उजुरी दिने जानकारी गराइन्छ ।

**गुन्जन बहुउदेश्यीय सहकारी संस्था लिमिटेड**
का. म. पा. २९, काठमाडौं

**संस्थाको कार्यालय ठेगाना परिवर्तन बारे सुचना**

यस गुन्जन बहुउदेश्यीय सहकारी संस्था लिमिटेडको संचालक समितिको निणर्य अनुसार संस्थाको ठेगाना साविक का. म. पा. २९ बाट का. म. पा. १६ मा सार्ने निर्णय भएको हुँदा सम्पुर्ण शेयर सदस्यहरु तथा सरोकारवालाहरु लाई यो सुचनाबाट जानकारी गरिन्छ । यसबाट सम्बन्धित सबैलाई पर्न जाने असुविधाको लागी क्षमा प्राथी छौं । अध्यक्ष

**गुन्जन बहुउदेश्यीय सहकारी संस्था लिमिटेड**
का. म. पा. २९, काठमाडौं



नेपाल सरकार
**गृह–मन्त्रालय**
**सशस्त्र प्रहरी बल नेपाल**
**नं. १८ गण हे.क्वा, नीलबाराही, काठमाडौं**
प्रशासन शाखा

**हाजिर हुन आउने बारेको सूचना**

देहायमा उल्लेखित विवरणका सशस्त्र प्रहरी बल, नेपाल नं.१८ गण हे.क्वा. नीलबाराही, काठमाडौं दरबन्दी भई ऐ.कार्यालयमा कार्यरत आई.डि.नं. ४८८२३ का सशस्त्र प्रहरी सहायक हवल्दार शेषमान सिं लामालाई मिति २०७९/०४/२८ गतेबाट लागू भई मिति २०७९/०५/०१ गते कार्यालयमा हाजिर हुने गरी ४ (चार) क्या.बि. छाडिएकोमा निज सशस्त्र प्रहरी सहायक हवल्दार हालसम्म कार्यालयमा हाजिर हुन नआई गैह्र हाजिर रहेको र कुनै किसिमको सम्पर्कमा समेत नरहेकोले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिनभित्र गैह्रहाजिर रहनुको मनासिव कारणसहित सशस्त्र प्रहरी बल, नेपाल नं.१८ गण हे.क्वा., नीलबाराही, काठमाडौंमा सम्पर्क राख्न आउनुहोला । अन्यथा तपाई उपर सशस्त्र प्रहरी नियमावली, २०७२ बमोजिम कारबाही भई जाने हुँदा सशस्त्र प्रहरी नियमावली २०७२ को नियम ११८ को उप-नियम (१) को प्रयोजनार्थ यसै सूचनाद्वारा तपाईलाई जानकारी गराइएको छ ।

**देहाय :**

| सि.न. | आई.डी.नं. | दर्जा | नामथर | बाबुको नाम | दरबन्दी | कार्यरत स्थान | स्थायी वतन | गैर हाजिर मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ४८८२३ | सशस्त्र प्रहरी सहायक हवल्दार | शेषमान सिं लामा | सानुविजय सिं लामा | सशस्त्र प्रहरी बल. नेपाल नं.१८ गण हे.क्वा., नीलबाराही, काठमाडौं | सशस्त्र प्रहरी बल. नेपाल नं.१८ गण हे.क्वा., नीलबाराही, काठमाडौं | जिल्ला.सिन्धुपाल्चोक साविक हेलम्बु गा.वि.स.वडा नं.०५ (हाल मेलम्ची न.पा.वडा नं.०३) | २०७९/०५/०१ गते | |



**Shree Chandeswori Secondary School**
Bidur-7,Nuwakot

**INVITATION FOR BIDS**

**Invitation for Bids for the Procurement of Science Lab, ICT Lab materials and Furnitures**
**Contract Identification No: 01/CHSHSS/Supply/079-080**
**First Date of Publication: 2079/06/04 *(20/09/2022)***

1. **The Government of Nepal (GoN)** through Bidur Municipality has allocated Model School programme funds to Shree Chandeswori Higher Secondary School (herein after called School) and intends to apply the funds to cover eligible payments under the Contract for the Procurement of Science Lab materials, ICT Lab materials and Furnitures. Bid is open to all eligible Nepalese Bidders.
2. The School invites the bids from registered Suppliers/Dealears and Distributors for the **Supply of Science Lab ICT Lab materials And Furniture** under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents. The estimated Amount without VAT for this supply is 6703291.14( Sixty seven lakh three thousand two hundred ninety one rupees and fourteen paisa only) .
3. The Bidders with experience of successfully completing Supply of Science Lab materials on three government educational institutions or Lab within last five years may participate in Bidding. New Bidders may apply in joint venture with an eligible firm having the required experience.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the School.
5. Bidding documents may be purchased at office time upto 2079/07/03 from the office of the School after submitting the updated registration certificate, VAT certificate, tax clearance certificateor of fiscal year 2078/079 and the Bank voucher of the non-refundable amount three thousand for cost of bidding document.
   **Name of the Bank**: Prabhu Bank, Battar Branch **Office Account No**. 0980110931500013
   **Name of the Office**: Shree Chandeswori Higher Secondary School, Bidur-7, Nuwakot
6. Interested Bidders shall submit the Bids at the office of the School, on or before 12:00 **noon** on 2079-06-04 ***(21/10/2022)***. Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at the office of the School on 2079-07-04 ***(21/10/2022)*** on 13:00 hours, Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting to Rs. Two hundred thousand only, which shall be **valid for 30 days** beyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No.
   Name of the Bank: Nepal Bank Limited, Trishuli Branch
   **Deposit Account number**: 02600100241107000001
   **Name of Office**: Shree Chandeswori Higher Secondary School
   and submit bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10.. Pre-Bid Meeting shall be held at the office of the School on 2079/06/24(10/10/2022).
11. The name and identification of the contract are as follows:
12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

## प्रतिनिधिसभाका ...

पृष्ठ १ बाट जारी

उक्त प्रदेशमा ५९ दलले निवेदन दिएकामा ३६ वटा दलले मात्र बन्दसूची दर्ता गराएका हुन् ।

यसैगरी गण्डकी प्रदेशमा ५२ दलले निवेदन दिएकामा ३१ दलले बन्दसूची पेस गरेका छन् । उक्त प्रदेशमा समानुपातिकतर्फ कूल २४ सिट रहेको छ । लुम्बिनी प्रदेशमा ३२ दलले बन्दसूची बुझाएका छन् । लुम्बिनीमा समानुपातिकतर्फ कूल ३५ सिट रहेको छ । त्यहाँ ५४ दलले निवेदन दिएकामा ३२ दलको मात्र बन्दसूची दर्ता भएको हो ।

यसैगरी कर्णाली र सुदूरपश्चिम प्रदेशमा क्रमशः २८ र ३४ दलले समानुपातिक उम्मेदवारको बन्दसूची दर्ता गरेका छन् । कर्णालीमा ४९ र सुदूरपश्चिममा ५० दलले निवेदन दिएका थिए। समानुपातिकतर्फ कर्णाली प्रदेशसभामा १६ र सुदूरपश्चिममा २१ सिट रहेको छ । संशोधन गर्न असोज १६ सम्मको समय आयोगको समानुपातिक निर्वाचन प्रणालीतर्फका प्रवक्ता गुरूप्रसाद वाग्लेका अनुसार अधिकांश दलहरूले प्रतिनिधिसभातर्फ ११० जना र प्रदेशसभातर्फ २२० जना उम्मेदवारको नाम समावेश गरेर बन्दसूची पेस गरेका छन् । आयोगले मंगलबारबाटै बन्दसूचीमा दलहरूले पेस गरेका उम्मेदवारहरूमाथि छानबिन सुरु गरेको जानकारी दिएको छ ।

प्रतिनिधिसभामा समानुपातिक प्रणालीबाट ११० जना र सातवटा प्रदेशसभामा २२० जना उम्मेदवार हुने छन् । समानुपातिक प्रणालीमा मतदाताहरूले राजनीतिक दललाई मत दिने छन् । राजनीतिक दलले पाएको मतको आधारमा बन्दसूचीमा रहेका उम्मेदवारमध्येबाट सांसद निर्वाचित हुन्छन् ।

आयोगले यही असोज ९ गते राजनीतिक दलहरूलाई आयोगमा बुझाएको समानुपातिक सूचीमा रहेका नाम सच्याउनका लागि पत्राचार गर्ने र १६ गतेभित्र सच्याएर ल्याउन समय दिनेछ । त्यसरी सच्याएर आएको नामावली नै अन्तिम हुने प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले बताए । उनका अनुसार आयोगले ती नामावलीलाई असोज २२ गते सार्वजनिक गर्नेछ ।

प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ उम्मेदवारको मनोनयनका लागि भने आयोगले असोज २३ गतेको समय तोकेको छ ।

# डा.केसीले मानेनन् काठमाडौं जान

■ प्रभाव संवाददाता



**धनगढी–** धनगढी स्थित कृष्णमन्दिरको धर्मशालामा अनशन बसेका डा. गोविन्द केसीले उपचारका लागि काठमाडौं जान अस्वीकार गरेका छन् ।

स्वास्थ्य सेवा सुधारका माग राखेर ९ दिनदेखि अनशनमा रहेका डा. केसीको पेटमा कडा खालको अल्सरको लक्षण देखिएको छ । डा.केसी अनशन बसेको ३ दिनपछि २९ भदौमा सेती प्रादेशिक अस्पतालमा भर्ना भएका थिए । उनी उपचाररत अस्पतालले उनको स्वास्थ्यमा थप जटिलता हुन सक्ने चेतावनी दिएपछि उनलाई लिन गएको नेपाली सेनाको स्काई ट्रक धनगढीबाट काठमाडौं फिर्ता भएको छ ।

कैलालीका प्रमुख जिल्ला अधिकारी किरण थापा तथा सेती प्रादेशीक अस्पतालका चिकित्सकको टोलीले केसीलाई उपचारका लागि काठमाडौं जान आग्रह गरेका थिए । आफूलाई जटिल समस्या नभएकाले जबर्जस्ती नगर्न केसीले पटक पटक आग्रह गरेपछि नेपाली सेनाको स्काई ट्रक काठमाडौं फर्केको हो ।

उनी उपचाररत सेती प्रादेशिक अस्पतालका चिकित्सकले डा.केसीको पेटमा कडा खालको अल्सरको लक्षण देखिएको भनेपछि सेनाको स्काई ट्रकमार्फत काठमाडौं पठाउने तयारी गरिएको जिल्ला प्रशासन कार्यालय कैलालीका सूचना अधिकारी शिवराज जोशीले बताए ।

केसीको मांशपेशी सुक्दै गएको र अल्सर भई रक्तश्रावको शंका भएको अस्पतालका प्रवक्ता डा. शेरबहादुर कमरले विज्ञप्ति निकालेर जानकारी दिएको छ । अस्पतालले थप जटिलता हुन सक्ने हुनाले बहुविशेषज्ञ भएको विशिष्टिकृत अस्पतालमा लैजान आग्रह गरेको छ ।

अस्पतालले जारी गरेको स्वास्थ्य बुलेटिनमा केसीलाई पेट दुख्ने, कमजोरी हुने, टाउको दुख्ने, रिङटा लाग्ने, स्वास फेर्न गाह्रो हुने, मांशपेशी बाँउडिने, मुटुको धडकन गडबडी र अक्सिजनको मात्रा घट्दै गएको छ । डा. केसी सात बुँदे माग राख्दै भदौ २७ बाट धनगढीमा अनसनरत छन् । यो उनको २० औं अनसन हो ।

अस्पतालले केसीको स्वास्थ्यबारे राष्ट्रिय मानवअधिकार आयोग सुदूरपश्चिम, प्रदेश सरकारको स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, जिल्ला प्रशासन कार्यालय कैलाली र संघीय सरकारको स्वास्थ्य मन्त्रालयलाई जानकारी गराइसकेको बताएको छ ।

डा. केसीले उठाएका मागका सवालमा सुरु भएको छलफलमा सरकारका तर्फआट प्रधानमन्त्री कार्यालयका सचिव डा राम प्रसाद घिमिरे, स्वास्थ्य सचिव डाक्टर रोशन पोखरेल र शिक्षा सचिव रामकृष्ण सुवेदी छन् भने डाक्टर केसीका तर्फबाट डा.जीवन क्षेत्री, डा. लिजन महर्जन, प्रितम सुवेदी, ओमप्रकाश अर्याल र डा. विष्णु पोखरेल छन् । त्यसैगरी नेपाल चिकित्सक संघकातर्फबाट उपाध्यक्ष डा. अनिलविक्रम कार्की रहेका छन्

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०६/०५

यस कम्पनीको मिति २०७९/०५/२० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एम.ए. मल्टिप्रपोज बिजनेश प्रा.लि. (प्रा.लि. नं. २०७१४६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०५/३१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **हेभन इन गेष्ट हाउस प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MT SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/03/३१ पुन विज्ञापन स्वीकृति मिति :२०७९/०६/08 LT. No.261441 चलानी नं.६०१७७६४८

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 2 | 0 | 1200 | ३३,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १२ गते (28th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११३०/०७३/०७४

**Rasuwa Overseas Pvt. Ltd.**

Airport, Kathmandu, Nepal, Phone No. +977-5906439

E-Mail : rasuwaoversease@gmail.com, Website : www.rasuwaoverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELITE SECURITY SERVICES

पूर्व स्वीकृति मिति २०७९/०३/१० पुन विज्ञापन स्वीकृति मिति : २०७९/०६/08 LT. No.265780 चलानी नं.६०१८१७२७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Guard | 35 | 5 | 1500 | ३४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १२ गते (28th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** निःशुल्क कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.** श्रम इजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015542013/14

Email: greentara.overseas@gmail.com, Website : www.greentaraoverseas.com.np


## महाराजा बचत तथा ऋण सहकारी संस्था लि.

**Maharaja Saving and Credit Co-operative Ltd.**

### महाराजा बचत तथा ऋण सहकारी संस्था लि. को भाखा नाघेको कर्जा बुझाउने बारे ३५ दिने जरूरी सूचना

यस संस्थाको तपसील बमोजिमका सदस्य व्यक्तिले निम्न उद्देश्यको लागि कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी ऋण तिर्ने सम्बन्धमा संस्थासँग गरेको सम्झौताअनुसारको रकम बुझाउने सम्बन्धमा यस संस्थाले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा संस्थाले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा आई बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन तथा संस्थाको ऋण लगानी तथा अशुली नीति दफा नं.८.१२ उपदफा ३ र ४ तथा प्रचलित ऐन नियमबमोजिम कर्जा लिंदा लेखिदिएको धितो ३६ औं दिन तपसिल बमोजिमको धितो लिलामी तथा सकार प्रक्रिया अवलम्बन गरी संस्थाले आफ्नो लेना रकम अशुल गर्नेछ ।

**तपसिल :**

| क्र.सं. | ऋणीको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | ठेगाना | उद्देश्य |
|---|---|---|---|---|---|
| १. | जित बहादुर वि.क. | नरदेव वि.क. | बालु वि.क. | साविक नवलपरासी जिल्ला शिवमन्दिर गाविस वडा नं.१, ठेगाना भई हाल कावासोती न.पा.वडा नं.३ नवलपरासी ब.सु.पु. बस्दै आएको | व्यापार |
| २. | मन बहादुर पुन मगर | सोम बहादुर पुन मगर | भरते पुन | साविक नवलपरासी जिल्ला कावासोती न.पा. वडा नं.३ ठेगाना भई हाल कावासोती न.पा.वडा नं.३ नवलपरासी ब.सु.पु बस्दै आएको | व्यापार |
| ३. | कृष्ण कुमारी सुनार | किरण सुनार | यम बहादुर सुनार | साविक नवलपरासी जिल्ला रकुवा गा.वि.स.वडा न. ४ ठेगाना भई हाल कावासोती न.पा.वडा न.३, नवलपरासी ब.सु.पु.बस्दै आएको | व्यापार |
| ४. | वविता आले | राजु आले मगर | भिम बहादुर आले मगर | साविक नवलपरासी जिल्ला धौवादी गा.वि.स वडा न. ७ ठेगाना भई हाल कावासोती न.पा.वडा न.३, नवलपरासी ब.सु.पु.बस्दै आएको | व्यापार |
| ५. | दयाराम गहतराज सुनार | जब बहादुर सुनार | कुल बहादुर सुनार | साविक नवलपरासी जिल्ला देउराली गा.वि.स वडा न. ४ ठेगाना भई हाल कावासोती न.पा.वडा न.३, नवलपरासी ब.सु.पु.बस्दै आएको | व्यापार |
| ६. | रिसिला भुजेल | यादव कुमार भुजेल | बल बहादुर भुजेल | साविक नवलपरासी जिल्ला शिवमन्दिर गा.वि.स वडा न. ६ ठेगाना भई हाल कावासोती न.पा.वडा न.५, नवलपरासी ब.सु.पु.बस्दै आएको | व्यापार |

**लिलाम हुने धितो विवरण क्रमशः**

| क्र.स | जग्गा धनिको नाम | धितो ठेगाना बिबरण | कि.नं. | क्षेत्रफल | लिलामी हुने न्युनतम रकम |
|---|---|---|---|---|---|
| १. | भावी वि.क. | साविक कावासोती गाविस वडा नं.६, ६ग, नवलपरासी, हाल कावासोती न.पा. ४, न.प.ब.सु.पु<br>साविक अग्यौली गाविस वडा नं.२, २क, नवलपरासी, हाल कावासोती न.पा. १४, न.प.ब.सु.पु | १३७०<br>१३६८<br>७५५ | ०-०-०.५०-०<br>०-०-५.५०-०<br>०-०-१०-० | रु.२७,८५,०००।- |
| २. | तिल माया पुन मगर | साविक शिवमन्दिर गाविस वडा नं.२, २ग, नवलपरासी हाल कावासोती न.पा वडा नं.३, न.प.व.सु.पु | ३०६५ | ०-१-३-० | रु.२९,१७,०००। |
| ३. | कृष्ण कुमारी सुनार | साविक शिवमन्दिर गाविस वडा नं.६, ६क, नवलपरासी हाल कावासोती न.पा. वडा नं.५, न.प.ब.सु.पु. | ८३४ | ०-१-०-० | रु.२३,९७,०००।- |
| ४. | वविता आले | साविक शिवमन्दिर गाविस वडा नं.२, २क, नवलपरासी हाल कावासोती न.पा. वडा नं.३, न.प.ब.सु.पु. | ४०६३<br>४०६४ | ०-०-५.५-०<br>०-०-७-० | रु.२७,९०,०००।- |
| ५. | जव बहादुर सुनार | साविक कावासोती गाविस वडा नं.२, २ख, नवलपरासी हाल हुप्सेकोट गा.पा. वडा नं.३, न.प.ब.सु.पु. | ५२७ | ०-१-२-०।५ | रु.१३,१०,०००।- |
| ६. | रिसिला भुजेल | साविक शिवमन्दिर गाविस वडा नं.६, ६ख, नवलपरासी हाल कावासोती न.पा. वडा नं.५, न.प.ब.सु.पु. | १२२ | ०-१-३.५-० | रु.२८,०५,०००।- |

**महाराजा बचत तथा ऋण सहाकारी संस्था लि.**

कावासोती न.पा.२, नवलपरासी ब.सु.पु.


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MANSOOR AL MANSOOR TRADING AND CONTRACTING CO

पुर्व स्वीकृति मिति : २०८७/०७/२५ पुन विज्ञापन स्वीकृति मिति : २०७९/०६/08 LT. No.250165 चलानी नं. ६०१६७२४४

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Reinforce Fitter | 3 | 0 | 1300 | ४३,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १२ गते (28th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067

Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853

Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : P G S GENERAL SECURITY GUARD SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०७९/०५/१० पुन विज्ञापन स्वीकृति मिति : २०७९/०६/08 LT. No. 270426 चलानी नं. ६०१८८००६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 3 | 0 | 1500 | ५१,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १२ गते (28th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**

श्रम इजाजत नं. ११७७/०७३/०७४

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448

Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZENON TRADING AND CONTRACTING CO

पुर्व स्वीकृति मिति २०७९/04/0८ पुन विज्ञापन स्वीकृति मिति २०७९/0६/04 LT No.267445 चलानी नं.६०१८३७५२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Building Worker | 15 | 0 | 1000 | ३५,००५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 14 | 0 | 1100 | ३८,५०५ | | | | | | | |
| 3 | Gypsum Technician | 12 | 0 | 1200 | ४२,००५ | | | | | | | |
| 4 | Labourer | 29 | 0 | 1000 | ३५,००५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ असोज १२ गते (28th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**

Govt. License 1518/074/075

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 9801020501, 9810259009,9851039010, 9851028467

E-mail : omoverseas36@gmail.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## समानुपातिकको बन्दसूची सच्याऊ

आगामी मंसिर ४ गते हुने निर्वाचनका लागि दलहरूले समानुपातिकतर्फ उम्मेदवारको बन्दसूची पेस गरेका छन् । निर्वाचन आयोगले निर्धारण गरेको समय असोज २ र ३ गते दलहरूले बन्दसूची बुझाएका हुन् । तर, दलहरूले बुझाएको सूचीले समानुपातिक निर्वाचन प्रणालीको औचित्यमाथि नै प्रश्न खडा गरिदिएको छ ।

दलहरूले पटक–पटक निर्वाचन लडेका शीर्ष नेताहरूलाई समेत समानुपातिकको सूचीमा राखेकाले यस्तो प्रश्न खडा भएको हो । समानुपातिक निर्वाचन प्रणालीको मर्मविपरीत सहजरूपमा निर्वाचन लड्न नसक्ने तथा यसअघि पटक–पटक जितिसकेका व्यक्तिहरूलाई बन्दसूचीमा समावेश गरेका छन् । शीर्ष नेताहरूलाई सुरक्षित रूपमा प्रतिनिधिसभामा पुऱ्याउन दलहरूले समानुपातिक प्रणालीको दुरूपयोग गरेका छन् ।

नेपालको संविधानले समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गरेको छ । संविधानमा यसबारे स्पष्ट व्याख्या नगरिए पनि समानुपातिक प्रणाली पटक–पटक चुनाव लडेका नेताहरूलाई सुरक्षित रूपमा संसद्मा लैजानका लागि होइन । यो कुरा दलहरूले बुझेको भए पनि त्यसलाई लत्याएर गलत प्रयोग गरेका छन् ।

खासमा समानुपातिक निर्वाचन प्रणाली संसद्लाई समावेशी बनाउने उद्देश्यले अंगीकार गरिएको हो । संसद्मा देशको समावेशी अनुहार देखियोस् भन्ने हो । लैंगिक, सामाजिक, साँस्कृतिक, धार्मिक, जातीय जनसंख्याको हिसाबले संसद् समावेशी देखियोस् भन्ने हो । तर, दलहरूको अहिलेको प्रवृत्ति ठीक त्यसको उल्टो देखिन्छ । यस्तो प्रवृत्तिले संसद्लाई समावेशी बनाउन सक्दैन ।

प्रतिनिधिसभामा रहने कूल २७५ सदस्यमध्ये ६० प्रतिशत प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुने व्यवस्था छ । जसअनुसार १६५ जना प्रत्यक्ष निर्वाचन लडेर प्रतिनिधिसभामा पुग्छन् । बाँकी ४० प्रतिशत अर्थात् ११० जना समानुपातिकतर्फबाट चयन हुने गर्दछ । प्रत्यक्ष निर्वाचन प्रणालीबाट संसद्मा प्रतिनिधित्व हुन नसक्ने जाति, समुदायका व्यक्ति तथा महिलालाई सहभागी गराउन समानुपातिक प्रणालीको व्यवस्था गरिएको हो ।

आयोगले सार्वजनिक गरेको विवरणअनुसार प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ४८ दलले समानुपातिक उम्मेदवारको बन्दसूची बुझाएका छन् । समानुपातिक प्रणालीमा मतदाताहरूले राजनीतिक दललाई मत दिने छन् । राजनीतिक दलले पाएको मतको आधारमा बन्दसूचीमा रहेका उम्मेदवारमध्येबाट सांसद निर्वाचित हुन्छन् ।

आयोगले यही असोज ९ गते राजनीतिक दलहरूलाई आयोगमा बुझाएको समानुपातिक सूचीमा रहेका नाम सच्याउनका लागि पत्राचार गर्ने र १६ गतेभित्र सच्याएर ल्याउन समय दिनेछ । त्यसरी सच्याएर आएको नामावली नै अन्तिम हुनेछ । दलहरूले अहिले बुझाएको बन्दसूची संशोधन गरेर गल्तीलाई सच्याउने अवसर छ । समानुपातिक निर्वाचन प्रणालीको मर्म र उद्देश्यलाई आत्मसात् गर्ने हो भने दलहरूको अहिलेको सूची सच्याउनै पर्छ । पटक–पटक चुनाव लडेका र अहिले जित्ने सुनिश्चित नभएका नेताहरूलाई संसद्मा सुरक्षित गर्न समानुपातिकमा राखिनु गल्ती भएको दलहरूले स्वीकार गर्नैपर्छ ।

समानुपातिक प्रणालीको मूल मर्मलाई आत्मसात् नगर्ने हो भने यो राखिराख्नुको औचित्य छैन । यदि, समानुपातिक प्रणाली हटाउनुपर्ने अवस्था आयो भने त्यो मुलुकको लागि दुर्भाग्य नै हुनेछ । किनकि, पटक–पटकको संघर्षबाट आएको परिवर्तनले उक्त निर्वाचन प्रणाली ल्याएको हो । यसमा हजारौं जनताको बलिदान भएको छ । दलका नेतृत्व तहका नेताहरूले यो कुरालाई मनन् गर्नैपर्छ । अन्यथा फेरि अर्को संघर्ष सुरु हुने निश्चित छ ।

निर्वाचन आयोगले पनि यसमा कडाइ गर्नुपर्ने देखिन्छ । कानुनको अभाव भए तत्काल कानुन बनाएर समानुपातिक निर्वाचन प्रणाली कार्यान्वयनमा आयोगले अग्रसरता लिन जरुरी छ । संसद्लाई साँच्चिकै समावेशी बनाउन सरोकारवाला सबैको ध्यान पुगोस् ।

# लोकतान्त्रिक र समावेशी संविधान



▶▶ एकराज पाठक

विश्वका आन्तरिक द्वन्द्वहरूको व्यवस्थापनका उदाहरण दिँदा नेपाल छुट्यो भने त्यो व्याख्या अधुरो हुन पुग्दछ । किनभने, नेपालको वर्तमान संविधान यस्ता आन्तरिक द्वन्द्व व्यवस्थापनको विश्वकै एक सफलताको उदाहरण हो । छोटै समयमा नेपालले सफलता प्राप्त गरेको शान्ति प्रक्रियाको एउटा उपज नेपालको वर्तमान संविधान हो भन्दा हुन्छ ।

मुलुकमा सशस्त्र विद्रोह गरेको एउटा राजनीतिक शक्ति हतियार बिसाएर शान्ति प्रक्रियामा आई एकाध वर्षमै आफैंले संविधान निर्माण गरेका नेपालजस्ता उदाहरण संसारमा द्वन्द्व समाधानको आगुवाइ गर्ने संयुक्त राष्ट्रसंघसँग पनि विरलै होलान् । करिब १० वर्ष सशस्त्र विद्रोह गरेको तत्कालीन नेकपा (माओवादी) शक्ति मुलुकका अरु प्रजातान्त्रिक दलसँगको सहकार्यमा शान्ति प्रक्रियामा आयो, संविधानसभा निर्वाचनमा सहभागी भयो र आफ्नै सहभागितामा संविधान निर्माण पनि गऱ्यो ।

विद्रोही शक्तिको सहभागिताको सरकारले २०७२ असोज ३ गते इतिहासकै सबैभन्दा प्रगतिशील र जनपक्षीय संविधान दियो । मुलुकमा संविधान निर्माणको अगुवाइ गरी आफ्नो नेतृत्वको सरकारले घोषणा गर्ने काम सम्पन्न गर्ने तत्कालीन प्रधानमन्त्री सुशील कोइरालालाई स्मरण गर्नैपर्ने हुन्छ । वि.सं. २०६२ को मंसिरमा तत्कालीन सात राजनीतिक दल र विद्रोही माओवादीबीच सम्पन्न १२ बुँदे सहमतिपछि देशमा सुरु भएको शान्ति प्रक्रियाका प्रतिबद्धताबाट पनि यो संविधान निर्माणको गोरेटो कोर्न सुरु भएको भन्न सकिन्छ ।

नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा लोकतन्त्रको पुनःस्थापना र त्यसपछि संविधानसभाको निर्वाचनमार्फत संविधान लेख्न एकताबद्ध भएका नेकपा एमालेसहितका सात राजनीतिक दल तथा माओवादीबीचको सम्झौताबमोजिम निर्मित यही संविधानले नै नेपाललाई संघीय व्यवस्थामा प्रवेश गरायो । जनताका प्रतिनिधिद्वारा तयार पारिएको र राजा महाराजाबाट नभएर संसद्बाट घोषणा गरिएको यो नै नेपालको पहिलो संविधान हो । नेपालको संविधान २०७२ को यो नै एउटा महत्त्वपूर्ण विशेषता हो ।

नेपालको शान्ति प्रक्रियाको यही सफलता विश्वका सशस्त्र द्वन्द्वको व्यवस्थापनमा अध्ययन अनुसन्धान गर्नेले दिने एक उत्कृष्ट दृष्टान्त पनि हो । त्यसैगरी संविधानसभाद्वारा जारी यो संविधान पनि विश्वकै एक प्रगतिशील र जनपक्षीय संविधानका रूपमा उदाहरण दिन मिल्दछ । नेपालको संसद् समावेशिताको एउटा उत्कृष्ट उदाहरण हो र त्यसको परिकल्पना पनि यही संविधानले नै गरेको हो । सामाजिक न्यायको हकलाई आफ्नो मौलिक हकका रूपमा व्यवस्था गरेर यो संविधानले समावेशी सिद्धान्तका आधारमा राज्यका हरेक निकायमा नेपालका विभिन्न १८ वटा वर्ग र समुदायको सहभागिताको हक सुनिश्चितसमेत गरेको छ । केन्द्रीय संसद् र प्रादेशिक संसद्, संघीय सरकार र प्रादेशिक सरकारलगायत सबै क्षेत्रमा जातीय जनसंख्याका आधारमा समानुपातिक सिद्धान्तअनुरूप अनिवार्य प्रतिनिधित्व गराइने व्यवस्था यस संविधानले गरेको छ । संविधानको यही प्रावधान एवं सामाजिक न्यायका सिद्धान्तका कारण संसद्मा महिला सहभागिताको अवस्था उदाहरणीय छ जुन भारतलगायत विश्वका अन्य देशको तुलनामा नेपालमा नै धेरै छ भन्न सकिन्छ ।

संविधानले अल्पसंख्यकको हक अधिकारको संरक्षण गरेको छ र उनीहरू पनि राज्यबाट प्रदान गरिने सेवा र सुविधामा समानुपातिकरूपमा लाभान्वित हुनसक्ने व्यवस्था गरेको छ । संविधानले नै संवैधानिक आयोगको मान्यताबमोजिम महिला, दलित, समावेशी, आदिवासी जनजाति, मुस्लिम, थारु, मधेसी आयोगको छुट्टाछुट्टै व्यवस्था गरेको छ । सीमान्तकृत वर्ग र समुदायका नागरिकको हकअधिकारको संरक्षण र सम्वर्द्धन गरिएको यो संवैधानिक व्यवस्थाका कारण पनि नेपालको वर्तमान संविधान समावेशी र प्रगतिशील दस्तावेजको एक उत्कृष्ट उदाहरण हो भन्न सकिन्छ ।

संविधानको परिकल्पनाबमोजिम समावेशिताको यही सिद्धान्तका कारण राज्य प्रणालीका हरेक तह र निकायमा महिला सहभागिता बढेको छ । महिला, आदिवासी जनजातिलगायतको समावेशी सहभागिता विश्वकै राजनीतिक प्रणालीको एक उदाहरणीयरूपमा रहेको छ । समावेशिताको यो नमूना नेपालको संवैधानिक इतिहासमा यही संविधानले नै पहिलोपटक भित्र्याएको छ ।

संविधानले नै परिकल्पना गरेको मुलुकका राष्ट्रपति र उपराष्ट्रपतिमध्ये एक जना महिला हुनुपर्ने अनिवार्य व्यवस्था एक लोकतान्त्रिक अभ्यास हो । राष्ट्र प्रमुखजस्तो उच्च तहमा यसरी एक जना महिला हुनुपर्ने अनिवार्य व्यवस्थाले महिला सहभागिताको विषयलाई महत्त्व दिएको स्पष्ट हुन्छ । त्यसैगरी, सभामुख र उपसभामुख तथा राष्ट्रियसभाको अध्यक्ष र उपाध्यक्षमध्ये पनि एक जना महिला हुनुपर्ने अनिवार्य व्यवस्था गरिएको छ । यसरी संविधानले समावेशिताको सिद्धान्तको सम्मान गरेको छ ।


स्थानीय सरकारमा महिलाको उपस्थिति अर्को उदाहरण हो । नेपालका स्थानीय निकायको प्रकृतिको अध्ययन गर्दा कम्तीमा ४० प्रतिशत महिला सहभागिताको व्यवस्था पनि कम महत्त्वपूर्ण छैन । स्थानीय निकायका प्रमुख या उपप्रमुखमध्ये एकजना महिला हुनुपर्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिमकै समावेशी स्थानीय निकायहरू यतिखेर हामीसँग छन् । ती निकायमा महिला मात्र नभई विभिन्न जातजाति, भाषा, वर्ग र समुदायको पनि प्रतिनिधित्व गराइएको छ । नेपालको अहिलेको लोकतान्त्रिक राजनीतिक प्रणालीमा जनताको घरआँगनको सरकार मानिएको स्थानीय निकायमा व्यवस्था गरिएको यो समावेशी प्रतिनिधित्वलाई महत्त्वपूर्ण मान्न सकिन्छ । यस्तो प्रतिनिधित्व नेपालको इतिहासमा यो पहिलोपटक भएको हो ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति वर्तमान संविधानको अर्को लोकतान्त्रिक व्यवस्था हो । नेपालको संवैधानिक तथा पत्रकारिताको इतिहासमा प्रस्तावनामा नै प्रेस स्वतन्त्रता उल्लेख गरेको यसअघिको २०६३ सालको अन्तरिम संविधानपछिको यो दोस्रो संविधान हो । संविधानको प्रस्तावनामा नै 'पूर्ण प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध रही...' भन्ने वाक्यांश यस संविधानमा राखिएको छ । यसरी प्रस्तावनामै प्रेस स्वतन्त्रताको सुनिश्चितताको व्यवस्था गर्ने विश्वका विरलै पाइने संविधानमा हाम्रो संविधान पनि पर्दछ । भारतको संविधानमा पनि अभिव्यक्ति स्वतन्त्रताको कुरा राखिएको छ तर प्रेस स्वतन्त्रता भनेर प्रस्तावनामा लेखिएको छैन । प्रेस स्वतन्त्रता र संविधानका ज्ञाताहरूले संविधानको यस प्रावधानलाई नेपालको संवैधानिक तथा पत्रकारिताको इतिहासमा सबैभन्दा प्रगतिशील र महत्त्वपूर्ण संवैधानिक प्रावधानका रूपमा परिभाषित गर्ने गरेका छन् ।

संविधानको मौलिक हकमा व्यवस्था गरिएको सञ्चारको हकले नेपालमा प्रेस स्वतन्त्रताको दरिलो सुनिश्चितता प्रदान गरेको छ । विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन भनी गरिएको व्यवस्था देशमा प्रेस स्वतन्त्रताको सुनिश्चितताको एउटा बलियो प्रमाण हो । संविधानले नै यसरी समाचारमा कुनै किसिमको 'सेन्सरसिप' स्वीकार नगर्नुलाई ऐतिहासिक उपलब्धि मान्नुपर्छ । नागरिकको सूचनाको हक तथा विचार तथा अभिव्यक्तिको स्वतन्त्रताका क्षेत्रमा यो संविधानलाई विश्वकै एक उत्कृष्ट दस्तावेजका रूपमा स्वीकार गर्नुपर्दछ ।

संघीयता, धर्मनिरपेक्षता, जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, कानुनी शासन, आवधिक निर्वाचन, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, पूर्ण प्रेस स्वतन्त्रता तथा समानुपातिक समावेशी र सहभागितामूलक लोकतान्त्रिक शासन व्यवस्था यो संविधानका आधारभूत विशेषता हुन् ।

नेपाली जनताको अधिकतम सहभागितामा सम्पन्न संविधानसभाबाट चुनिएका प्रतिनिधिमार्फत नेपाली जनताले आफैं जारी गरेको यो संविधानका यी लोकतान्त्रिक र प्रगतिशील विशेषताहरूको जगमा उभिएर नेपाली समाजमा रहेका राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिकलगायतका उपलब्धिहरू हासिल गर्न सकिन्छ । विविध समस्याहरूको उपयुक्त समाधान गर्दै जनताका घरघरमा लोकतन्त्रको अनुभूति हुने गरी कार्यभार पूरा गर्न यो संविधानले प्रसस्तै स्थान दिएको छ ।



फाइल तस्बिरः संविधानसभाबाट २०७२ असोज ३ गते 'नेपालको संविधान, २०७२' जारी गर्दै पूर्वराष्ट्रपति डा. रामवरण यादव

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्तिका लागि संविधानले सुनिश्चित गरेका राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक हकअधिकार पर्याप्त छन् । यी संवैधानिक व्यवस्था एवं हक अधिकारहरूको पूर्ण तथा उचित कार्यान्वयन गर्दै समृद्ध मुलुक निर्माण गर्नु आजको आवश्यकता हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धि प्राप्तिका लागि संविधानले सुनिश्चित गरेका राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक हकअधिकार पर्याप्त छन् । यी संवैधानिक व्यवस्था एवं हक अधिकारहरूको पूर्ण तथा उचित कार्यान्वयन गर्दै समृद्ध मुलुक निर्माण गर्नु आजको आवश्यकता हो ।

नेपाली जनताको बलिदान र लगानी, राजनीतिक दल र दलका नेतृत्वको मिहेनत, एवं सबैको दृढ इच्छाशक्तिकै कारण मुलुकमा सम्पन्न संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जनताबाटै जारी गर्न सम्भव भएको हो । त्यसैले यही संविधानको कार्यान्वयन र सहयोगबाट नै सदियौंदेखि समाजमा पछि पारिएका/परेका समुदायको जीवनमा सकारात्मक परिवर्तन ल्याई प्राप्त यो उपलब्धिको अनुभूति हुनेगरी आधारभूत तहसम्म लोकतन्त्रका लाभहरूको वितरण गर्न सक्नु नै यो राजनीतिक व्यवस्थाको प्राथमिकता हुनुपर्छ । मुलुकलाई समृद्ध बनाई राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण राख्न, समाजमा दिगो शान्ति कायम गर्न र समाज रूपान्तरणको कार्यादेश पूरा गर्न यो संविधानको पूर्ण कार्यान्वयनबाट मात्र सहज हुनेछ ।

*(लेखक राष्ट्रिय समाचार समितिका प्रधानसम्पादक हुन् ।)*

## मननयोग्य

### चाणक्य नीति

बिहानैदेखि महानन्दका राज्यमा एक ब्राह्मणको हत्या हुँदैछ भन्ने राजाज्ञा डढेलोजस्तो गरी फैलन थाल्यो । ती आचार्य ब्राह्मण धर्म, साहित्य राजनीतिका महान् पण्डित हुन्, तर कसैमा महानन्दको यो कठोर आज्ञाको विरोधमा मुख खोल्ने सामर्थ्य थिएन ।

दण्डको आज्ञाको पहिलो दिन त बित्यो । दोस्रो दिन विहान जेलभित्र बसेर महात्मा चणक विचारमग्न थिए, उनलाई बराबर कौटिल्यको सम्झना आइरहन्थ्यो । कहाँ होला कौटिल्य र कतै नन्दका गुप्तचरका हातमा त परेन ? तर अहँ यस्तो हुन सक्तैन, धेरै बुद्धिमान् छ कौटिल्य । ऊ हिँड्दा त पाइला-पाइला फुकेर हिँड्छ र फेरि मेरो सपना त उसैले पूरा गर्छ । यस्तै मानसिक प्रश्न उत्तरका बीच अचानक चणकको तन्द्रा भंग भयो । हेर्दा महामात्य राक्षस सामुन्नेमा थिए ।

'कुशल त छ आचार्य ।' राक्षसले फेरि हिजोको आफ्ना कुरा आग्रह गरी दोहोऱ्याएर भन्यो- आचार्य । अब पनि समय छ !

चणकले व्यंग्यपूर्वक भने- 'अब केही घण्टाको कुरा हो, महाराज नन्दको आँखामा घोच्ने कोंढा अब नष्ट हुन्छ, अनि तपाईंको मनलाई पनि शान्ति मिल्नेछ ।'

राक्षस- आचार्य चणकको मृत्युले सुख हैन, दुःख मिल्छ यस्ता बुद्धिमान्को पूर्ति मगधमा न जाने कति समयपछि होला ।

चणक- तपाईंको सद्भावनाका लागि धन्यवाद । चिन्ता नगर्नोस् चणकका भस्मद्वारा झट्टै नै अनेकौं चणक मगधमा पैदा हुनेछन् ।

हुँ .... हुँकार गर्दै 'त्यसो भए कुनै उपाय नै छैन, यी ब्राह्मणले मृत्युदण्ड भोग्नु नै पर्छ।' यस्तै कुरा सोचेर राक्षस पुनः राजभवनतिर लागे ।

चणकको काटिएको शिर राजधानीको प्रमुख चौबाटोमा अग्लो बाँसमा टाँगिएको थियो । बाँसमा टाँगिएको एउटा पाटीमा मोटा अक्षर मगधका राजद्रोहीको यही परिणाम हुनेछ भनी लेखिएको थियो । **क्रमश** :

पत्र–मञ्जुषा

## बालेनको अभियानले जगाएको आशा

काठमाडौं महानगरपालिकामा स्वतन्त्र उम्मेदवार बालेन्द्र (बालेन) शाह निर्वाचित भएर आएदेखि केही आशा जगाउने काम भएका छन् । राजनीतिक दलहरूबाट दिक्क भएका यहाँका जनताले स्वतन्त्र उम्मेदवार रोजेर ठीक गरे भन्ने सुरुआती तीन महिनामा नै अनुभूति हुन थालेको छ । यसअघि दलबाट प्रतिनिधित्व गरेर आउने जनप्रतिनिधिले २४सै घण्टा काठमाडौंलाई चलयमान बनाउनेदेखि मेट्रो मोनो रेल कुदाउनेसम्मका सपना देखाए । तर, पाँच वर्ष कार्यकाल सकिँदासम्म सम्झनालायक केही काम गर्न सकेनन् । उनीहरूले काम गर्न नसक्ने समस्याको मुख्य जड दलीय प्रभाव भएको अहिले पुष्टि भएको छ ।

बालेनले मुख्यगरी काठमाडौंको फोहोरमैला व्यवस्थापनलाई मुख्य एजेण्डा बनाएका थिए । सुरुआती चरणमा उनले यहीबाट चुनौतीको सामना गर्नुपऱ्यो । उनी निर्वाचित भएर आउनेबित्तिकै फोहोर व्यवस्थापन हुन नसक्दा राजधानी दुर्गन्धित हुनपुग्यो । तर, निरन्तरको प्रयासपछि फोहोर व्यवस्थापनको काम अगाडि बढाउन उनी सफल भए । अहिले फोहोर व्यवस्थापन नियमितरूपमा चलिरहेको छ । महानगरले साउन १ गतेबाट घरबाटै फोहोर वर्गीकरण गरेर संकलन गर्ने तयारी थालेको छ । हाल बञ्चरेडाँडामा व्यवस्थापन भइरहेको फोहोरको दीर्घकालीन व्यवस्थापनको विकल्प महानगरले खोजिरहेको छ । कुहिने फोहोरबाट मल उत्पादन गर्ने प्रयासमा महानगर प्रमुख शाख लागेका छन् । महानगर वा छिमेकी नगरपालिकाहरूमा उपयुक्त जग्गाको खोजी भइरहेको महानगरको भनाइ छ । यसरी बालेनको सक्रियताले फोहोर व्यवस्थापन प्रभावकारी बन्ने संकेत देखाएको छ । अहिले नियमित फोहोर व्यवस्थापनको काम भइरहेको छ ।

फोहोर व्यवस्थापनसँगै महानगर प्रमुख बालेनले अनधिकृत फुटपाथका पसल हटाउने अभियान थाले । जथाभावी फुटपाथ मिचेर भइरहेको व्यापार व्यवसाय बन्द गरी फुटपाथ खुला गराउने काम भएको छ । यसले पैदलयात्रीलाई सहज बनाएको छ । त्यसँगै महानगरभित्र निर्मँण भएका अनधिकृत संरचनाहरू हटाउने अभियान महानगरले थाल्यो । यो अभियानमा बालेन आफैं अगाडि सरेर अनधिकृत संरचनामाथि डोजर चलाए । यसमा उनले जनसमर्थन पाइरहेको छ । जनताले उनको प्रशंसा गरिरहेका छन् । यो अभियानलाई उनले निरन्तर अगाडि बढाइरहेका छन् । उनले अबको पाँच वर्ष प्रत्येक जनताको घरमा पुग्ने घोषणा गरेका छन् । त्यहीअनुसार उनी अभियानमा निरन्तर लागिरहेको देखिन्छ ।

बालेनको यो अभियानबाट अन्य स्थानीय तहलाई पनि अनधिकृत संरचना हटाउने ऊर्जा दिएको छ । अहिले सबैजसो स्थानीय तहहरूले अनधिकृत संरचना हटाउने अभियान थालेका छन् । बालेनको अभियान देशव्यापी बनेको भनी जनतामाझ चर्चा हुने गरेको छ । यो वास्तविकता पनि हो । विगतमा राजनीतिक 'कनेक्सन'ले गर्दा त्यस्ता संरचना हटाउने आँट जनप्रतिनिधिले गर्न सकेका थिएनन् । तर, अहिले बालेनलाई कुनै राजनीतिक दबाबले छुँदैन । उनी स्वतन्त्र रूपमा अगाडि बढेका छन् ।

यही अभियानअन्तर्गत उनले पछिल्लोपटक थालेको काम हो, टुकुचा खोला खोज्ने । भूमिगतरूपमा बगाइएको टुकुचा खोलालाई खुला गर्ने अभियान उनले सुरु गरेका छन् । हात्तीसारस्थित जय नेपाल हलको कम्पाउण्डमा डोजर लगाएर उनले टुकुचा खोज्ने अभियान थालेकोमा अहिले सकारात्मक परिणाम दिइरहेको छ । करिब १५ फिट गहिराइमा टुकुचा खोला भेटिएको छ । टुकुचालाई छोपेर त्यसमाथि निर्माण गरिएका घर तथा अन्य संरचना हटाइछाड्ने उनको अठोट छ । तर, अदालतले ती संरचना नहटाउन आदेश दिएको छ । यद्यपि, अदालतको आदेश आए पनि महानगरले टुकुचा खोज्ने अभियान रोकेको छैन । टुकुचामाथिको संरचना हटाउने कार्य निरन्तर अगाडि बढाएको छ ।

राणाकालमै भूमिगत गरिएको अनुमान गरिएको टुकुचा खोलालाई खुला बनाउन बालेनलाई ठूलो जनसमर्थन प्राप्त भएको छ । त्यसैले यो अभियान अब कुनै पनि हालतमा रोकिनु हुन्न । विगतमा के-कसरी खोलालाई छोपियो भन्ने कुराको अध्ययन हुनुपर्छ । सँगसँगै खोला मिचेर बनाइएका संरचना पनि हटाउँदै जानुपर्छ । खोला मिचेर बनाएका संरचना भत्काउने कार्य रोकिनु हुन्न । जसरी हुन्छ टुकुचा खोलालाई बाहिर निकाल्नुपर्छ । यसमा बालेनलाई सबैले साथ दिनुपर्छ । यो अभियानबाट केही व्यक्तिलाई घाटा भए पनि मुलुकका लागि लाभदायक र अति आवश्यक काम हो । त्यस कारण पनि यो अभियान कुनै पनि बहानामा नरोकियोस् ।

**सम्झना लामा**, *नयाँबजार, काठमाडौं*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail .com
facebook .com/prabhab online

# ‘आकाश हेरेर सुत्ने समय यकिन हुन्छ’

■ भूमिराज पिठाकोली

**बझाङ–** खप्तडछान्ना गाउँपालिका-१ तल्लाबगणका महादेव गिरी झरी पर्नै हुन्न तर्सिहाल्छन्। खोला नजिकैको बस्ती हुँदा कतिबेला कस्तो घटना दोहोरिन्छ भन्दै चिन्तित भइरहन्छन्। राति मात्रै होइन, दिउँसो पनि झरी पर्ने बित्तिकै डाँडामा चढ्नु, जडारी खोलामा बहाब बढेको दिन रातभर जाग्राम बस्नु उनको नियति नै हो।

आइतबार राति पनि महादेवलाई त्यस्तै भयो। दिनभर झरी परेपछि सो खोलाले दिउँसै बाटो मोडेको थियो। तल्लाबगणको अर्को छेउमा बग्ने खोलाले बस्तीतिर धार फर्काएको थियो। साँझ झिसमिसेमा भने पानीसमेत रोकिएर सुक्खा भइसकेको थियो।

‘एक्कासि राति जडारीगाडमा ढुंगाको गडचाङगुडुङ आवाज आएपछि निन्द्रा खुल्यो,’ महादेव भन्छन्, ‘राति बाहिर आउँदा त बगर पूरै जलमग्न भएको रहेछ।’

त्यसपछि महादेवले गाउँलेलाई उठाए। रातिको खाना खाएर सुतेका तल्लाबगणवासीले मध्यराति २ बजेदेखि नै जाग्राम बस्नुपर्‍यो। ‘गाउँमै भए पनि सडकको छेउमा पसल भएकाले हामी त पसलमै थियौं,’ महादेवले भने, ‘गाडले ठूलै संकेत गरेपछि श्रीमान् श्रीमती नै टर्च बालेर गाउँमा सबैलाई उठाउन गयौं। गाउँमा सबैले जानकारी पाएर एउटा घरको छेउमा बसेका रहेछन्। पछि सबैजना त्यतै जम्मा भएर रात बितायौं।’

खप्तडछान्ना-१ खातीगाउँका हर्कबहादुर खातीले आइतबार रातभर नै गाउँमा पहरा दिएका रहेछन्। उनले भने, ‘दिनभर परेको पानीले जडारीगाडको बहाब बढेको भन्दै गाउँलेलाई दिउँसै सचेत गराएको थिएँ। साँझ मौसम केही सुधार भयो। मध्यराति त जडारीगाडले बगाएर ल्याएका ढुंगाको आवाज घरको छेउमा आएजस्तै भयो। डेढ बजे राति बाहिर हेर्दा त बगरभरि पानी फैलिएको देखियो। त्यसपछि सबै गाउँलेलाई बोलाएर डाँडाको घरमा जाग्राम बस्यौं।’

खातीका अनुसार खातीगाउँको अवस्था पनि तल्ला बगणको जस्तै छ। राति पानी पर्दा नसुत्ने, आकाश हेरेर सुत्ने समय यकिन गर्ने, जोखिममा रहेका घरबाट उकालो चढेर डाँडामा आफन्तको घरमा जाने। यो समस्या खातीगाउँवासीको मनसुन सुरू भएयता दैनिकी जस्तै हो। ‘पानी पर्दा आसपासका बस्तीले डाँडातिर, चौतारातिर जाग्राम बस्दै भगवानलाई पुर्कानुबाहेक केही हुँदैन,’ खातीले भने, ‘जडारीगाड नजिकैका बस्तीका लागि भगवान भरोसा मात्रै हुन्छ। अन्य गाउँको त अरू व्यवस्था पनि होला तर, हाम्रो खातीगाउँमा भने गत वर्ष नै बाढीले सर्वस्व लुटेको थियो।’

गत वर्ष असोज ३० देखि कात्तिक ३ गतेसम्म अविरल बेमौसमी वर्षापछि जडारीगाडमा आएको बाढीले



खप्तडछान्नामा शताब्दीकै ठूलो क्षति गरेको थियो। सयौं रोपनी उत्पादन हुने जमिन, करोडौं मूल्य बराबरको भौतिक संरचना, नहर कुलो, सडक, खानेपानी, विद्युत्लगायत भौतिक सम्पत्ति सबै पूर्णरूपमा ध्वस्त भएको थियो। ‘गत वर्षको बाढी आउँदा हामी घरमै थियौं,’ उनी भन्छन्, ‘दिउँसोतिर खातीगाउँ जिउलोको छेउमा पानी घट्टको आँगनमात्रै बगाएको थियो। राति त हेर्दाहेर्दै जिउलोसहित त्यसमा बनाइएका संरचना सबै एकै झट्कामा निल्यो। दुई परिवारका बच्चा त नाँगै घरबाट तानेर ज्यान जोगाएका थियौं। मानवीय क्षति नभए पनि भौतिक सम्पत्ति सबै ध्वस्त भएको थियो।’

खातीगाउँमा सर्वस्व गुमेका दुई परिवार अहिले आफन्तको घरमा आश्रय लिइरहेका छन्। उब्जनी गर्ने जमिन कसैको पनि छैन। घर भने दुई परिवारबाहेक सबैका छन्। ‘हाम्रो जमिन जै जीवनको आधार हो, त्यो सबै खोलाले बगाएपछि अहिले घरबाहेक केही छैन,’ हर्कबहादुरले भने, ‘मेरो त भिरालो ठाउँमा सानो जमिन पनि थियो। गत वर्ष बाढीमा स्कुल बगाएको हुँदा त्यो जमिन स्कुललाई दिएँ। अहिले जमिन शून्य छ। घर भने त्यसैमा बसिरहेका छौं।’

गत वर्ष सर्वस्व गुमेका प्रेम खातीको परिवारमा छ जना छन्। रोजगार कसैको पनि छैन। बाढीको चपेटामा परेका उनलाई कपडा, भाँडाकुँडा, खानेकुरालगायत सबै आफन्तले सहयोग गरेका थिए। प्रेम खाती अहिले तत्कालको सहयोगको पर्खाइमै छन्।

‘कमाउने कोही छैन। छोरा प्यारालाइसिस भएर हिँड्न सक्दैन। सबैलाई पाल्ने जिम्मेवारी म बूढोकै काँधमा छ। नातिनातिना साना छन्। अहिले कसैले दिए खाने, नदिए भोकै बस्ने अवस्था छ,’ उनी भन्छन्। अहिले खोलामा गडचाङगुडुङ सुरू हुनेबित्तिकै खोला आइहाल्यो कि भनेर खातीगाउँ, तल्लाबगण, गोटखोला, डाँडाखेतलगायतका मान्छे त्रसित भइहाल्छन्। ‘तल्लाबगणमा १० परिवार छन्,’ महादेव भन्छन्, ‘राति पानी परेको दिन गाउँमा अगाडि नै सल्लाह गरेर एउटै ठाउँमा बस्छौं। आकाश खुलेको छ भने मात्रै आरामले सुत्न पाइन्छ।’

शुक्रबार पनि मध्य रातिदेखि नै नसुतेको उनले बताए। गिरीको पसल र खोला झण्डै १०० मिटर टाढा थियो। घरभन्दा बढी बसाइँ पसलमै हुन्थ्यो। ‘त्यो दिनको बाढीले क्षणभरमै पसल भएको ठाउँ बगर बनायो,’ उनकी श्रीमतीले भनिन्, ‘बाढी पसल नजिक आइरहेकै बेलामा कागजात तथा गहना त झोलामा हालेकी थिएँ। भागाभाग हुँदा झोलासमेत त्यतै छुट्यो।’ जडारी खोलाले स्थानीयवासीको सर्वस्व लुटेको एक वर्ष भइसकेको छ। तर, पीडित परिवारले भने अहिलेसम्म कतैबाट पनि राहत पाएका छैनन्।

खप्तडछान्ना गाउँपालिका-१ का वडाध्यक्ष देवीभक्त जोशी भन्छन्, ‘अघिल्लोपटक हामीसँग बजेट नहुँदा केही गर्न सकिएन। यो पटक छुट्याएका छौं। अब त्यसै रकमले उनहरूलाई सहयोग गर्छौं।’ *रासस*


## विशेष साधारण सभा बस्ने सूचना

**लजगा वचत तथा ऋण सहकारी संस्था लि**.को मिति २०७९/०५/१७ को निर्णयानुसार मिति २०७९/०६/०७ गते शुक्रबारका दिन गोकर्ण रिसोर्ट क्षेत्रपाटीमा दिउँसो २:०० बजे **विशेष साधारण सभा** बस्ने भएकोले शेयर सदस्यहरू तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि अनुरोध छ।

**अध्यक्ष**

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KML DETAILING SRL

पुर्व स्वीकृति मिति २०७८/०७/०७ पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०४ LT. No. 249136 चलानी नं. ६०१३२९३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Washers | 5 | 0 | 550 | ७०,०९५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Factory Workers | 10 | 0 | 550 | ७०,०९५ | | | | | | | |
| 3 | General Worker | 10 | 0 | 550 | ७०,०९५ | | | | | | | |
| 4 | Room Attandants | 5 | 1 | 650 | ८२,८४० | | | | | | | |
| 5 | Waiters / Waitresses | 5 | 1 | 650 | ८२,८४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १२ गते (28th Sep. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: ४०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १४५४/०७४/०७५

**All-Solution Employment Service Pvt. Ltd.**

Basundhara-03, Kathmandu Nepal, Ph No: + 01-5903078, 015903079,
E-mail : info@allsolution.com.np

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MASI SRL

पूर्व स्वीकृति मिति : २०७८/०९/१८ पुन विज्ञापन स्वीकृति मिति: २०७९/०६/०४ LT. No. 249009 चलानी नं. ६०१६५६६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner / Helper | 9 | 0 | 550 | ७०,०९५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Worker | 4 | 0 | 550 | ७०,०९५ | | | | | | | |
| 3 | Cook Helper | 6 | 0 | 550 | ७०,०९५ | | | | | | | |
| 4 | General Worker | 2 | 0 | 550 | ७०,०९५ | | | | | | | |
| 5 | Waiter (General) | 3 | 0 | 550 | ७०,०९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १२ गते (28th Sep. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ५१६/०६१/०६२

**ALPHA SIGMA OVERSEAS PVT. LTD.**

P.O.Box : 10443, Sinamangal-09, Kathmandu, Nepal
Tel : +977-1-4561946, 4561827 Fax : +997-1-4465976
E-mail : alphasigmanepal@gmail.com, alphanepal@wlink.com.np,Website : www.lmperial.com.np

## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALMAN CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति २०७९/०६/०१ LT. No. 272163 चलानी नं. ६०१८७८९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 2400 | ८३,६६० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 2 | 0 | 2500 | ८७,१४५ | | | | | | | |
| 3 | General Clean Worker | 2 | 0 | 1000 | ३४,८५५ | | | | | | | |
| 4 | General Supervisior | 2 | 0 | 3200 | १११,१४५ | | | | | | | |
| 5 | Representative | 2 | 0 | 3000 | १०४,५७५ | | | | | | | |
| 6 | Supervisor | 1 | 0 | 3200 | १११,१४५ | | | | | | | |

कम्पनी : TAIF JEDDAH PLASTIC FACTORY

पूर्व स्वीकृति मिति २०७९/०६/०२ LT. No. 272225 चलानी नं. ६०१८८०११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plastic Product Manufacturing Machine Operator | 4 | 0 | 1000 | ३३,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १२ गते (28th Sep. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साइप्रस/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : V. VARNAVA EMPLOYMENT AGENCY LTD.

पुर्व स्वीकृति मिति २०७८/११/२६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०४ LT. No. 259364 चलानी नं. ६०१७५७३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestice Worker | 0 | 9 | 314 | ३९,९०० | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook (A) | 2 | 0 | 950 | १,२०,७२५ | | | | | | | |
| 3 | Cook (B) | 1 | 0 | 850 | १,०८,०१५ | | | | | | | |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ असोज १२ गते (28th Sep. 2022) मा हुनेछ।

कम्पनी : DARWISH INTERSERVE FACILITY MANAGEMENT

पुर्व स्वीकृति मिति २०७८/११/१५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०६/०४ LT. No. 258649 चलानी नं. ६०१७५१४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Light | 10 | 0 | 1500 | ५२,२८५ | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Gen Clean Worker | 30 | 0 | 1000 | ३४,८५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Pokhara, Prithibhi Chowk Ward No.8, Hotel Midtown मा मिति: २०७९ असोज १२ गते (28th Sep. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।**

श्रम ईजाजत नं. ५०३/०६१/०६२

**त्रिकोण म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.**

पो.ब.नं. १९४६४, काठमाडौं, नेपाल, फोन: ५४५६०२०/५४५६०१९
सम्पर्क नं :९८०११०५५७७,९८०१२५०५५५


# Belauri Municipality

## Office Of The Municipal Executive

### Belauri , Kanchanpur

## Sudurpaschim Province, Nepal

## Invitation for Bids

**Invitation for Bids No: BELMUN/NCB/W/079/080-1**

**Date of publication: 21 SEP 2022 (5th of Ashoj, 2079)**

1. ***Belauri Municipality*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***Construction of Tharu Homestay Bldg, Ward No.5, Belauri kanchanpur*** under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. 37,74,075.31 *(Exclusive of VAT & PS)***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Belauri Municipality Kanchanpur, belaurimunicipality@gmail.com, 099-580215*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost ( Rs 3000 ) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: Rastriya Banijya Bank**

   **Name of Office:** *Belauri Municipality*

   **Office Code no. :801077604**

   **Office Account no.: 4390100301010002**

   **Rajaswa (revenue) Shirshak no. : BELAURI NA.PA.(GA-1-1)**
4. Pre-bid meeting shall be held at ***Belauri Municipality Kanchanpur*** at ***12th OCT 2022***
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00*** on ***[21st oct 2022 (4rd karthik 2079)*** ]. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***[13:00 pm 21st oct 2022 (4rd karthik 2079)]*** at the office of ***Belauri Municipality .***Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***Rs.1,13,000*** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

प्रभाव दैनिक

बुधबार, ५ असोज २०७९ (Wednesday, September 21, 2022)

रूपशाला

## लिम्बू भाषाको चलचित्र 'रीत'को प्रिमियर

फाल्गुनन्द लिङदेन फिल्मस्द्वारा निर्माण गरिएको फिल्म 'रीत' को सोमबार राजधानीको जमलस्थित राष्ट्रिय नाचघरमा प्रिमियर गरिएको छ। प्रिमियर शोमा गायिका मनु नेम्बाङ, कलाकारद्वय कृष्णराज नेम्बाङ र अगमसिंह यक्पाङ्देनलाई सम्मान गरिएको थियो। लिम्बू भाषा संस्कृतिमा बनेको फिल्ममा लिम्बू जातिको विवाहसँग सम्बन्धित कथा छ। फिल्ममा लक्ष्मी योङहाङ, विमला खजुम, ताम्छोहाङ ईङनाम, सागर केरूङ, याशेली योङहाङ, तेज मेन्याङबो, सोनु थोक्लीहाङ, भिम थेबे, पुर्ण सेलिङ, रत्न लिङदेन लावती, नन्दु तुम्वापो, एन्जिला नेम्वाङ, राजु घिमीरे, प्रभु कुरूम्बाङ, नितु रानी नेम्वाङ र दिनेश माङमुको अभिनय छ।





# सेञ्चुरी मिस टिन नेपाल ट्यालेन्ट राउण्ड

■ प्रभाव संवाददाता

**काठमाडौं–** सेञ्चुरी मिस टिन नेपाल २०२२ को ट्यालेन्ट राउण्ड सम्पन्न भएको छ । काठमाडौं जेसीजको आयोजनामा भइरहेको प्रतियोगिताको अन्तिम चरणका १५ प्रतिस्पर्धीले ट्यालेन्ट राउण्डमा आआफ्नो विशेष प्रतिभा प्रस्तुत गरेका छन् ।

जमलस्थित होटल यल्लो प्यागोडामा भएको ट्यालेन्ट राउण्डमा सहभागिहरूले नृत्य, गायन, अभिनय, कविता वाचन, चित्रकला, मनोवादलगायतका प्रतिभा प्रस्तुत गरेका थिए ।

मिस टिनको उपाधिका लागि अदिति श्रेष्ठ निशा सोनी साह, प्रतिक्षा डंगोल, परिका भण्डारी, सुस्मिता अधिकारी, खुसी श्रेष्ठ, स्नेहा पौडेल, आर्या पौडेल, सुम्निमा पुरी, पूजा ओली, हर्षिता पन्त, कसक पौडेल, विसुका कोइराला, सुजिता पौडेल र विभूषा बस्नेत प्रतिस्पर्धामा रहेका छन् ।

प्रतियोगिताको ग्राण्ड फिनाले असोज ९ गते हुँदैछ । १८औं संस्करणको सेञ्चुरी मिस टिन प्रतियोगिताको कोरियोग्राफी मोडल तथा भिजे प्रियारानी लामाले गरिरहेकी छिन् । प्रतियोगितामा मुख्य टाइटलसहित अन्य १२ विधाको अवार्डका लागि प्रतिस्पर्धा भइरहेको छ ।

ट्यालेन्ट राउण्डका प्रमुख अतिथि सेञ्चुरीकी प्रबन्ध निर्देशक आयुषी दुगड र विशेष अतिथि आदित्य दुगडले प्रतियोगितासँग सहकार्य गर्न पाउँदा उत्साहित भएको बताए ।

ट्यालेन्ट राउण्डमा निर्णायकका रूपमा अशोकप्यासी राई, आशा लामा, रितिका खरेल, सुशिलकुमार श्रेष्ठ, शैली बाँस्कोटा र डा. अमि प्रधान रहेका थिए । आयोजक काठमाडौं जेसीजका अध्यक्ष अनुप सुनुवारले किशोरीहरूको सामाजिक सांस्कृतिक वृत्तिविकासका लागि सेञ्चुरी मिस टिन प्रतियोगिता उपलब्धीपूर्ण हुने विश्वास व्यक्त गरे ।

# प्रेमगीत ३ ले चलचित्र क्षेत्र विभाजित

■ प्रभाव संवाददाता



**काठमाडौं–** 'प्रेमगीत ३' का कारण नेपाली चलचित्र क्षेत्र दुई चिरामा विभाजन भएको छ । एक से एक नाम चलेका कलाकार अहिले एक अर्को ध्रुवमा खडा भएका छन् ।

'प्रेमगीत ३' अहिले नेपाली र हिन्दी भाषामा विश्वभर एकसाथ हजारभन्दा सिनेमा हलमा प्रदर्शन हुँदैछ । नेपालमा समेत हिन्दी भाषामा डब भएको 'प्रेमगीत ३' रिलिज हुने भएपछि यसलाई लिएर नाम चलेका निर्माता कलाकार सार्वजनिक बहसमा उत्रिएका छन् ।

चलचित्र विकास बोर्डले 'प्रेमगीत ३' हिन्दी भाषामा रिलिज भए विदेशी फिल्मसरह कर बुझाउनुपर्ने भन्दै सूचना जारी गरेपछि अहिले निर्माण पक्ष आक्रोशित भएको छ । चलचित्रका निर्माता एवं निर्देशक सन्तोष सेन, अभिनेता प्रदीप खड्काले सार्वजनिक रूपमै विकास बोर्डका अध्यक्ष भुवन केसीको राजीनामा मागेका छन् । नेपाली चलचित्रको विकास र प्रवर्द्धन गर्न स्थापना भएको विकास बोर्ड नेपाली चलचित्रको बजार खुम्च्याउन लागिपरेको आरोप उनीहरूले लगाएका छन् ।

निर्माता अशोक शर्माले त 'प्रेमगीत ३' हिन्दीमा रिलिज हुँदा नेपाली चलचित्रको बजार घट्ने भन्दै विदेशीसरह कर तिर्न भन्दै लामो स्टाटस लेखेका छन् । उनलाई सपोर्ट गर्दै सरोज खनाल, दीपकराज गिरीले समेत विदेशी फिल्मसरह कर तिर्नुपर्ने, 'प्रेमगीत ३' लाई कर छुट दिन नहुने भन्दै लबिङ गरेपछि निर्माता सन्तोष सेन आक्रोशित भएका छन् ।

तर, चलचित्र निर्माता संघका पूर्वअध्यक्ष आकाश अधिकारी, अभिनेत्री करिश्मा मानन्धरलगायत धेरैजना 'प्रेमगीत ३' को पक्षमा उभिएका छन् । 'प्रेमगीत ३' को विश्वव्यापी प्रचार र रिलिजले भोलि नेपाली चलचित्रको बजार प्रवर्द्धन गरेको भन्दै विकास बोर्डले निश्चित कर छुट दिएर चलचित्र चलाउन दिनुपर्ने उनीहरूको माग छ ।




# बेमौसमीमा अरुण-अञ्जना र हरिवंश-गौरीको रोमान्स

■ प्रभाव संवाददाता

**काठमाडौं–** आउँदो ११ कात्तिकबाट प्रदर्शनमा आउने फिल्म 'महापुरुष' को दोस्रो गीत सार्वजनिक गरिएको छ । काठमाडौंमा मंगलबार एक कार्यक्रम आयोजना गर्दै सार्वजनिक गरिएको गीतमा हरिवंश आचार्य, गौरी मल्लसँगै डेब्यु कलाकार अरुण क्षेत्री र अञ्जना बराइली फिचर्ड छन् ।

गीतमा रामअविरल विष्टको शब्द तथा एसडी योगीको संगीत र स्वर रहेको छ । प्रेमिल भावना अभिव्यक्त गीतमा दुई पुस्ताको प्रेम देखाइएको छ । विवेक रसाइलीले निर्देशन गरेको गीतलाई पुरुषोत्तम प्रधानले खिचेका हुन् ।

अभिनेता हरिवंश आचार्यले अहिले बजारले खोजिरहेको फिल्म 'महापुरुष' रहेको बताए । 'अहिले बजारले व्यावसायिकता र कलात्मक दुवै भएको फिल्म हेर्न खोजिरहेका छन् । यो फिल्मले दर्शकलाई पूर्ण मनोरञ्जन दिनेछ,' उनले भने । फिल्म पारिवारिक ड्रामा रहेको उनले बताए । सार्वजनिक गीतमा हरिवंशले गौरीसँग अनस्क्रिन रोमान्स गरेका छन् ।

उनीहरू प्रेमभाव गीतमा देख्न सकिन्छ । 'गीत छायांकन गर्दा धेरै रमाइलो भयो । यो अव्यक्त हाम्रो उमेर समूहको व्यक्तिको कथा पनि भन्न सकिन्छ । केहीले यसलाई व्यक्त गर्नु हुन्छ भने केहीले भन्न सक्नु हुँदैन । यो कथाले हरेकलाई छुन्छ,' आचार्यले भने ।

गीतमा बा र छोराको प्रेम सन्दर्भलाई प्रस्तुत गरिएको निर्देशक प्रदीप भट्टराईले बताए । 'हामीले यसमा समाजको गम्भीर विषयवस्तुलाई सरल किसिमले प्रस्तुत गरेका छौं । अघिल्लो फिल्मको तुलनामा यहाँसम्म आइपुग्दा झनै दायित्वबोध भएको छ,' उनले भने ।

'लोभीपापी' पश्चात दोस्रोपटक हरिवंशसँग स्क्रिन सेयर गरेको गौरीले बताइन् । 'यसमा हामीले गरेको मिहिनेत विस्तारै देखिएला । तर मैले नयाँ कुराहरू सिक्न पाएँ । गीतले थोरै हिन्ट गरेको छ,' उनले भनिन् । अरुण क्षेत्रीले राम्रो टिमसँग जोडिएर डेब्यु गर्न पाएको बताए । 'उहाँहरूको ऊर्जाले मलाई निकै हेल्प गरेको छ । गीतमा काम गर्दा निकै रमाइलो भयो । केही अगाडि मात्र छायांकन गरिएको गीत कथाअनुसार नै अगाडि बढ्छ,' अरुणले भने ।

डेब्यु गर्ल अञ्जनाले पनि यस टिमसँग सहकार्य हुँदा निकै खुसी लागेको बताइन् । 'यो टिमले मलाई यस उद्योगमा प्रवेश गर्दा धेरै सिकाएको छ । यो मेरो लागि फिल्म क्षेत्रमा आउनु अगाडिको स्कुल झैं भएको छ,' उनले भनिन् ।



# सरकार र नेपाल स्काउटबीच सम्झौता



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकार र नेपाल स्काउटबीच कार्यसम्पादन सम्झौता भएको छ । युवा तथा खेलकूद मन्त्रालयका सचिव डा. दामोदर रेग्मी र नेपाल स्काउटका राष्ट्रिय संयोजक लोकबहादुर भण्डारीले कार्यसम्पादन सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् ।

आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम, बजेट एवम् वार्षिक विकास कार्यक्रमलाई समयमै सफलतापूर्वक सम्पन्न गर्ने उद्देश्यसहित उक्त सम्झौता गरिएको स्काउटका संयोजक भण्डारीले बताए ।

खेलकुदमन्त्री महेश्वरजंग गहतराजको उपस्थितिमा सम्झौतापत्रमा हस्ताक्षर भएको हो । सम्झौतापत्रमा हस्ताक्षर गर्दै संयोजक भण्डारीले आर्थिक वर्ष २०७९/८० को स्वीकृत कार्यक्रम समयसीमा रही सफलतापूर्वक सम्पन्न गर्ने प्रतिवद्धता व्यक्त गरे ।




# आयोजकलाई लिस्नुकप

**भैरहवा (प्रस)–** रूपन्देहीको कोटीहवामा सञ्चालित २०औं लिस्नु कप फुटबल प्रतियोगिताक उपाधि आयोजक लिस्नु युवा क्लबले जितेको छ ।

